का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १७, अंक ३०६
❐ १२ माघ २०७६, आइतबार
❐ 26 January 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक




## ओली, प्रचण्ड र देउवाबीच डेढ घण्टा 'ठट्टा'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ माघ

शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओली र नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच छलफलको कार्यक्रम थियो। तर, त्यो छलफलको कार्यक्रम शनिवार बिहानका लागि सारियो । प्रधानमन्त्री ओलीले शनिवार बिहान अध्यक्ष दाहाललाई मात्र नभएर प्रतिपक्षी दलका नेता शेरबहादुर देउवालाई पनि बोलाए । ओलीको बोलावटमा कांग्रेस सभापतिसमेत रहेका देउवाले रमेश लेखक लगायतका नेताहरूलाई लिएर वालुवाटारमा उपस्थित भए ।

ओलीले प्रचण्ड र देउवासँग मेलमिलाप तथा सत्य निरुपण र बेपत्ता छानविन आयोगका विषयमा छलफल गर्न बोलाएका थिए । छलफलका लागि देउवा बिहान १० बजे बालुवाटार पुगे। तीनै



नेताबीच डेढ घण्टा लामो छलफल भयो । छलफलपछि बैठक बिना निष्कर्ष टुंगियो । नेता लेखकले आफुहरूलाई किन बोलाइएको भन्ने समेत थाहा नभएको बताए । शीर्ष नेतात्रयबीचको वार्तामा सहभागी लेखकले भने, 'किन हामीलाई बोलाइयो, त्यो नै हामीले थाहा पाउन सकेनौं ।'

प्रधानमन्त्री ओलीले ठट्टा गरेरै डेढ घण्टा बिताएको लेखकले गुनासो गरे। 'जे विषयमा छलफल हुनुपर्थ्यो। ती विषयमा खासै छलफल भएन' कांग्रेस नेता लेखकले गुनासो गरे, ' प्रधानमन्त्रीले पहिलेजस्तै ठट्टा गरेर समय बिताइदिनुभयो ।'

प्रचण्डलाई साथमा राखेर देउवासँग गरेको छलफललगत्तै ओलीले प्रचण्डसँग पनि छलफल गरेका थिए । तर, त्यो छलफल पनि १५ मिनेट भन्दा लामो हुन सकेन् । तर, प्रधानमन्त्री ओलीका प्रेस सल्लाहकार सूर्य थापाले दुई राजनीतिक दलबीच समसामयिक विषयमा छलफल भएको बताए । यस अगाडिको बैठकले सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका पदाधिकारीको नाम टुंगो लगाउन सहमति गरेका थिए ।

आइतबार बस्ने प्रतिनिधिसभाको बैठकमा सभामुखको चयन हुँदैछ । बैठकमा सभामुखमा अरु कसैको उम्मेद्वारी नपरेकोले अग्नि सापकोटा निर्विरोध चयन भएको घोषणा हुनेछ । त्यसपछि उनले सभाको अध्यक्षता गर्ने छन् । यसअघि मंगलबार बिहान बसेको कांग्रेस संसदीय दलको बैठकले सभामुखमा उम्मेद्वारी नदिने र समर्थन पनि कसैलाई नगर्ने निर्णय गरेको थियो । बलात्कार प्रयासको अभियोग लागेका तत्कालीन सभामुख कृष्णबहादुर महराले असोज १४ गते राजीनामा दिएपछि सभामुख पद रिक्त छ ।

## दम्पती नै दुश्मन !

**केशर धामी/मध्यान्ह**
काठमाडौं, ११ माघ

हाम्रो समाजमा श्रीमान-श्रीमतीलाई सबैभन्दा आत्मिय सम्बन्ध मान्ने गरिन्छ। उनीहरूका एक रथका दुई पाटा समेत भनिन्छ। श्रीमान-श्रीमतीले सँगै बाच्ने सँगै मर्ने कसम खाएका हुन्छन् । उनीहरू जीवनभर एकअर्कालाई साथ दिन्छन्। तर, कुनै बेला त्यही जीवनभर साथ दिने श्रीमान-श्रीमती नै एक अर्काका लागि काल बन्छन्।

पछिल्लो समय दुःख सुःखमा साथ दिने श्रीमान श्रीमतीबाटै जोगिन गाह्रो भइरहेको छ । अर्थात सानो मनमुटाव हुँदा पनि श्रीमान श्रीमती एक अर्कोको ज्यान नै लिने अवस्थामा पुगिरहेको छन् । आर्थिक वर्ष २०७५/०७६ मा मात्र ५२ जना श्रीमती आफ्नै श्रीमतीबाट मारिएको प्रहरीको तथ्यांकले देखाएको छ। त्यस्तै ७ जना श्रीमान आफ्नै श्रीमतीबाट मारिँदा १८ जना छोरा-छोरी आफ्नै आमाको हातबाट मारिएका थिए । अवैध सन्तान जन्माउने अनि हत्या गर्ने क्रम पछिल्लो समय बढ्दो छ। त्यस्तै १० जना छोराछोरीलाई आफ्नै बाबुले मारेका थिए ।



| आर्थिक वर्ष | पत्नीको हत्या | पतिको हत्या | छोरा छोरीको हत्खखया | आमाबुवाको हत्या | अन्य |
|---|---|---|---|---|---|
| २०७५/०७६ | ५२ | ७ | २८ | १० | ७ |
| २०७६/०७७ को पुस मसान्तसम्म | ३१ | १ | ३ | ५ | ५ |

यो वर्षको अहिलेसम्म देशभर चार सय ९२ जना व्यक्तिको हत्या भएको छ । जसमा पुस मसान्तसम्ममा ३१ जना श्रीमतीको हत्या श्रीमानबाटै गरिएको छ। ८ जना छोराछोरीको हत्या आफ्नै आमाबुवा, ५ जना सासू बुहारी, ३ जना नवजात शिशु, २ जना सौताको समेत हत्या गरिएको छ।

आफन्तबाट हत्या गरिएमा दाजु, भाई, दिदी बहिनी, बुहारी, सासु-ससुरा तथा जेठाजु-जेठानी रहेका छन् । त्यस्तै नातिले हजुर बुबा, सासू-ससुराले ज्वाइँछोरी, काका-काकीले भतिज, भान्जाले मामाको समेत हत्या गरेको देखिएको प्रहरी प्रधान कार्यालयको तथ्यांकले देखाएको छ।

नेपाल प्रहरी र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को तथ्यांकलाई आधार मान्दा २०७५ सालमा मात्रै ९४ जना आफ्नै नजिकमा मान्छेबाट मारिएका थिए।

**यसको कारणः**

यसको पछाडि विभिन्न कारणहरु छन् । जसमा सबैभन्दा महत्वपूर्ण कारण भनेको वैदेशिक रोजगारी हो। वैदशिक रोजगारीका कारण श्रीमान-श्रीमती टाढिने र अर्कोसँग नजिकिने हुँदा जघन्य अपराध बढेको प्रहरीको तथ्यांकले देखाउँछ। अर्को कुरा मादक पदार्थ सेवनले पनि हत्या सम्मको घटना घटिरहेका छन् । नेपाल प्रहरीका प्रवक्ता डिआईजी शैलेस थापा क्षत्रीले नजिकका आफन्तबाट हुने जघन्य अपराधका पछाडि प्रमुख रुपमा वैदेशिक रोजगारी रहेको बताए । सामाजिक सञ्जालका कारण पनि यस्ता अपराधिक घटना बढिरहेको उनको दाबी छ।

बढ्दो छाडापन, सामाजिक सञ्जालको सहज पहुच, वैदेशिक रोजगार, साथीभाईसँगको संगत जस्ता कारणले यस्ता घटना बढेको देखिन्छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को तथ्यांक अनुसार सन् २०१८ मा (२०७४ पुष देखि २०७५ पुषसम्म) ३ सय २२ जनाको हत्या भएको छ।


बाँकी पृष्ठ २ मा

## कोरोना संक्रमितलाई सीमाबाटै फर्काइने

**मध्यान्ह संवाददाता**
काठमाडौं,११ माघ

उत्तरी छिमेकी देश चीनमा कोरोना भाइरसको महामारी फैलिएसँगै नेपालमा उच्च सतर्कता अपनाइएको छ। नेपालले चीनबाट नेपाल प्रवेश गर्नेलाई विशेष निगरानीमा राख्न थालेको छ । नेपालमा पनि एक जनामा यसको संक्रमण भएको पुष्टी भएसँगै उच्च सतर्कता अपनाइएको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षा जाँचमा कडाई गरिएको छ। त्यस्तै उत्तरी नाका रसुवागढी नाकाबाट नेपाल प्रवेश गर्ने चिनियाँ तथा विदेशी



पर्यटकमा कोरोना भाइरसको कुनै लक्षण देखिएमा चिनियाँ भूभागबाटै फिर्ता गरिने छ । रसुवागढी नाकास्थित चीनतर्फ रहेको चिनियाँ क्यारेन्टाइनले स्वास्थ्य परीक्षण गरेर संक्रमणको लक्षण देखिएमा त्यहीबाट फिर्ता गर्न लागेको हो।

चिनियाँ तथा विदेशी पर्यटक भए त्यहीबाट फर्काउने र नेपाली रहेको खण्डमा नेपालस्थित रसुवागढी नाकामा रहेको हेल्थ डेक्समा पठाउने चिनियाँ क्वारेन्टाइनको तयारी छ। जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल र चिनियाँ क्वारेन्टाइन बीच भएको अनौपचारिक छलफलमा चिनियाँ पक्षले कोरोनाको लक्षण देखिएको बिरामीलाई नेपालतर्फ नपठाउने जानकारी दिएको हो ।

मन्त्रालय तथा विभागबाट कुनै पनि निर्देशन नआएको भएपनि जोखिमलाई

बाँकी पृष्ठ २ मा

## पुसमा आधा लाख बढी कामदार बिदेशिए

### धेरै कामदार पठाउने टपटेन म्यानपावर कुन-कुन ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ माघ

संस्थागत रुपमा वैदेशिक रोजगारीमा जाने कामदारहरुको संख्या मंसिर महिनाको तुलनामा पुस महिनामा कही बढेको छ । तर, अझैपनि अघिल्ला आर्थिक वर्षहरुमा जस्तो वैदेशिक रोजगारीमा जाने कामदारहरुको संख्यामा वृद्धि हुन सकेको छैन ।

यस वर्षको पुस महिनामा संस्थागत रुपमा वैदेशिक रोजगारीमा जानेको संख्या २७ हजार ४ सय ४२ रहेको छ । त्यसको अघिल्लो महिना मंसिरमा उक्त संख्या २४ हजार २९ मात्र रहेको थियो । गतवर्ष पुस महिनामा १७ हजार ८ सय ३० जना कामदार संस्थागत रुपमा वैदेशिक रोजगारीमा गएका थिए। सो वर्ष मलेसियाको रोजगारी बन्द रहेको थियो ।

यस वर्षको पुम महिनामा संस्थागत, रिईन्ट्री, व्यक्तिगत तथा वैधानिकीकरण गरी ५२ हजार २ सय २५ जना वैदेशिक रोजगारीमा विदेशिएका छन् ।

वैदेशिक रोजगार विभागले तयार पारेको तथ्यांक अनुसार पुस महिनामा सबै भन्दा बढी कामदार मलेसिया गएका छन् । पुसमा मलेसिया जाने कामदारको संख्या ७ हजार ८ सय ४१ रहेको छ। मलेसियापछि नेपाली कामदार क्रमशः साउदी अरब, यूएई र कतार गएका छन्। पुसमा साउदी अरब जानेको संख्या ६ हजार ३ सय २८, यूएई जानेको संख्या ५ हजार ६ सय ५९ रहेको छ भने कतार जानेको संख्या ४ हजार ८ सय २२ रहेको छ।

पुस महिनामा श्रम स्वीकृति लिएर विश्वका विभिन्न ८४ मुलुकमा नेपाली कामदार पुगेका छन्। तर २ देखि ६ करोडसम्म धरौटी र कर्मचारी राखेर कार्यालय सञ्चालन गरेका म्यानपावर कम्पनीहरुले जम्मा १९ वटा मुलुकहरुमा मात्र कामदार पठाउन सकेका छन्। त्यसमा खाडीका ६ मुलुक र मलेसिया अग्रस्थानमा रहेका छन् । युरोप र जापानमा कामदार पठाउन चाहेको भएपनि सरकारी झन्झटकाकारण ती मुलुकमा गई बजार प्रवर्द्धन गर्न नसकिएको वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ।

पुसमा संस्थागत अर्थात म्यानपावर कम्पनी मार्फत कामदार गएका अन्य मुलुक मध्ये अफगानिस्तानमा १८ जना, बहराईनमा ४ सय ९३ जना, ब्रुनाईमा ७ जना, साईप्रसमा १ सय ४१ जना, हंङकङमा १७ जना, जापानमा ३६ जना, जोर्डनमा २ सय ३० जना, कुवेतमा १ हजार १ सय ७९ जना गएका छन्। त्यस्तै मकाउमा ३७, माल्टामा २१, ओमानमा २ सय ७२, पानामामा १८, पोर्चुगलमा ५१,

बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## भलिबलमा 'हेल्प नेपाल'




**काठमाडौं/मस-** नेपालको राष्ट्रिय खेल भलिबल हो। २०७३ सालमा तत्कालिन पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले भलिबललाई राष्ट्रिय खेल घोषणा गरेको थियो। भलिबलको पछिल्लो समय चौतर्फी विकासको क्रम पनि शुरु भइसकेको छ। नेपालका हरेक जसो ठाउँमा लोकप्रिय खेल भलिबलले क्रमसः व्यवसायिकताको रुप ग्रहण गर्दैछ। नेपाली माटो सुहाउँदो भलिबल खेलका लागि युवा वर्गको आकर्षण पनि बढ्दो छ। हुन त नेपालमा भलिबलका प्रतियोगिता त्यति धेरै छैनन् जति फुटबलका आयोजना हुन्छन्। औंलामा गन्न सकिने भलिबल प्रतियोगितामा सहभागी हुने एउटा क्लबको नाम हो 'हेल्प नेपाल'। हेल्प नेपाल क्लब २०६९ सालमा युवा वैदेशिक रोजगार

बाँकी पृष्ठ २ मा

## पश्चिम सेतीका लागि माइतीघरमा कचौरा

**मध्यान्ह संवाददाता**
काठमाडौं/११ माघ-

राजधानी काठमाडौं माइतिघर मण्डलामा सधैंझै विरोध प्रदर्शन भइरहेको हुन्छ। त्यसमा विभिन्न नारा लेखिएको प्लेकार्ड, झण्डा, ब्यानर बोकिएका हुन्छन् भने चर्को चर्को स्वरले भाषण छाडिरहेका हुन्छन्। तर, शनिवार भने फरक दृश्य देखियो। त्यो फरक दृश्य थियो, हातमा कचौरा। वर्षौदेखि अन्यौलका अवस्थामा रहेको पश्चिम सेती जलविद्युत आयोजना निर्माणको माग गर्दै माइतिघर मण्डलामा कचौरा प्रदर्शन गरिएको थियो। 'पश्चिम सेतीका लागि काठमाडौंमा कचौरा' को नारा दिएर युवाहरूले प्रदर्शन गरेका हुन् ।

आफूहरु आयोजनाका लागि कचौरा लिएर माग्न बसेको आयोजक बोलन्य थली धजगढीका संयोजक यादव जोशीले बताए। उनले भने, ' आयोजना बन्ने आशमा जनजीविकासँग जोडिएको काम पनि गर्न नपाउने, आयोजना पनि नबन्ने अवस्था बन्यो। यो तत्काल अन्त्य गर्नुपर्छ भन्ने हाम्रो माग हो।' सरकारले सन् २०१२ मा पश्चिम सेती आयोजना चिनियाँ कम्पनी थ्री गर्जेजलाई दिएको थियो। तर, लामो समय आयोजना ओगटेर बसेको उसले क्षमता घटाएर पनि बनाउन चाहेन। बाँधस्थल प्रस्तावित स्थानको भूगर्भ, उचाई र प्रभावितको पुर्नस्थापना लगायतको कारण देखाएर पश्चिम सेती बाहिरिएको थियो। अहिले एसआर-६ समेत बनाउने गरी पश्तिम सेतीका लागि लगानीकर्ताको खोजी भइरहेको छ।

वर्षैदेखि आश्वासन मात्रै दिने काम भएको भन्दै आफूहरुले कचौरा लिएर आन्दोलन गर्नुपरेको जोशीले बताए। उनले भने, 'आज कचौरा लिएर आन्दोलन गर्यौं। भोलि झोला लिएर आउँछौं। तर बिडम्बना नहोस कि त्यो झोलीमा हामीले बारुद लिएर आउन परोस्। पश्चिम सेतीको नाममा वर्षैदेखि राजनीति भयो। सुदूरपश्चिममा राष्ट्रिय गौरवको आयोजना नबन्ने किन ?' प्रश्न गर्दै उनले थपे, 'यसको जवाफ सरकारले दिनुपर्छ।'

उर्जामन्त्री र प्रधानमन्त्रीलाई ज्ञापन पत्र समेत बुझाइने उनले जानकारी दिए। त्यस्तै सुदूरपश्चिमबाट प्रतिनिधित्व गर्ने सांसद, राष्ट्रिय सभा सदस्य र योजना आयोगका सदस्यहरु, नागरिक समाजका अभियन्ताहरुको उपस्थितिमा काठमाडौंमा ठूलो आमसभा गर्ने तयार समेत रहेको उनले बताए।


तु-आवश्यकता
यस मेनपावर कार्यालयको लागि निम्न पदहरुको लागि कर्मचारीको आवश्यकता परेको हुनाले सम्बन्धित क्षेत्रमा अनुभव भएको ईच्छुक व्यक्तिले आफ्नो बायोडाटा र अनुभवका प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नु होला।
एकाउण्टेन्ट - १ जना (महिला/पुरुष)
अफिस सेक्रेटरी - १ जना (महिला)
तलब आपसी सहमतिमा
Sky Line Overseas Pvt. Ltd.
Battisputali-9, Ratopul, Kathmandu, Tel: 9841612395
E-mail: skylineoverseas1080@gmail.com

तु-आवश्यकता
यस मेनपावर कार्यालयको लागि निम्न पदहरुको लागि कर्मचारीको आवश्यकता परेको हुनाले सम्बन्धित क्षेत्रमा अनुभब भएको ईच्छुक व्यक्तिले आफ्नो बायोडाटा र अनुभवका प्रमाणपत्र सहित तुरन्त सम्पर्क गर्नु होला।
एकाउन्टेन्ट - १ जना (महिला)
तलब आपसी सहमतिमा
सम्वन्धित काममा २ वर्षको अनुभव भई अंग्रेजी राम्रोसँग बोल्न, लेख्न र, पढ्न सक्ने र कम्प्युटरमा दक्ष हुनुपर्नेछ ।
Koperasi International Pvt. Ltd.
श्रम इजाजत नं १२८७/०७४/०७५
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu
Tell.: 01-6201229, Mob: 9851023473, 9860773210
9849565069, Email: sarojoli208@gmail.com

तु-आवश्यकता
यस मेनपावर कार्यालयको लागि निम्न पदहरुको लागि कर्मचारीको आवश्यकता परेको हुनाले सम्बन्धित क्षेत्रमा अनुभब भएको ईच्छुक व्यक्तिले आफ्नो बायोडाटा र अनुभवका प्रमाणपत्र सहित तुरन्त सम्पर्क गर्नु होला।
पी.आर.ओ. - २ जना (महिला/पुरुष)
रिसेप्सनिष्ट - १ जना (महिला)
सम्वन्धित काममा ३ वर्षको अनुभव भई अंग्रेजी राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । नेपाली टाइपिङ अनिवार्य जानेको हुनुपर्नेछ ।
तलब आपसी सहमतिमा
AL HAYA H.R. SOLUTION PVT. LTD.
Gov. Lic No. 1092/073/074
Al Haya H.R. Solution Pvt. Ltd.
Shantinagar-34, Kathmandu, Tel: 4620295, 4620879
Mob.: 9851042162, Email: alhaya.md@gmail.com

# ‘नेपालको कम्युनिष्ट शासन प्रणाली दुनियाँमै अलग’

**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहालले नेपालको कम्युनिष्ट शासन प्रणाली दुनियाँको कुनै किताबमा फेला नपर्ने खालको भएको बताएका छन् । पार्टी कार्यालय धुम्बाराहीमा शनिबार ‘जनताको जनवादका आधारहरु’ विषयक पुस्तक लोकार्पण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले नेपालको कम्युनिष्ट क्रान्ति पुरानो पूँजीवादी क्रान्ति र नवजनवादी क्रान्ति भन्दा भिन्न प्रकृतिको भएको बताएका हुन् ।




नेपालमा कम्युनिष्ट पार्टीको नेतृत्व मुख्य रुपमा स्थापित गर्दै पूँजीपतिलाई पनि साथ लिएर सामन्तवादमाथि बिजय हासिल गरेको हुनाले यसलाई समाजवाद उन्मुख जनताको जनवादको रुपमा समाजवादको आधार तयार पार्ने एउटा राजनीतिक प्रक्रियाको रुपमा लिनुपर्ने उनले उल्लेख गरे ।

उनले भने, ‘हामीले नेपालमा जे अनुभव गर्‍यौं । जे हासिल गर्‍यौं र हामी अब जसरी समाजवादको निर्माणको दिशामा अगाडि बढ्दैछौं । त्यो दुनियाँको कुनै किताबमा भेटिने खालको छैन । हामीले आफैले आफ्नो जीवनमा संघर्ष गरेर बलिदान गरेर, मेहनत गरेर, त्याग गरेर हासिल गरेका छौं र विश्व भरिका अनुभवहरुको अध्ययन गरेर, हामीले नेपालमा जे प्रयोग गरेका छौं यही विषयलाई सबै कमरेडले गम्भीरता पुर्वक विचार गर्नुहोला ।’

पूँजीपतिलाई पनि सहयात्री बनाएर नेपालको क्रान्ति सपन्न भएकाले नवजनवादी वा पुरानो पूँजीवादी दुवै क्रान्ति जस्तो नभई नेपालको क्रान्ति ‘नेपाली जनवादी क्रान्ति’ भएको टिप्पणी उनले गरे ।

अध्यक्ष दाहालले पार्टीको इतिहास तयार पार्ने जनताको जनवादका आधारहरु पुस्तकले ऐतिहासिक एकतापछिको संक्रमणकालिन परिस्थिति र विचारको विकासको प्रक्रिया र श्रृंखलालाई बुझ्न मद्दत पुर्‍याउने विश्वास व्यक्त गरे ।

उनले भने, ‘नेपाली राजनीतिको आजको विन्दु के हो ? हामी जान खोजेको हाम्रो मिसन, हाम्रो टार्गेट के हो भन्ने कुरा बुझ्न यसले धेरै मद्दत गर्छ । पार्टीको इतिहास तयार पार्ने क्रममा यो पुस्तकले पुर्वाधारको काम राम्रै संग गर्छ भन्ने मैले विश्वास लिएको छु ।’

गोपीरमण उपाध्याय र मनहरि तिमिल्सिनाद्वारा सम्पादित ‘जनताको जनवादका आधारहरु’ पुस्तकमाथि युवराज ज्ञवालीले टिप्पणी गरेका थिए । पुस्तकमा जनताको जनवादका आधारहरु सम्पादनको आवश्यकता, नेकपाको एकीकृत अवस्था, एमालेका ऐतिहासिक दस्तावेजका अंशहरु, माओवादीका ऐतिहासिक दस्तावेजका अंशहरु र ऐतिहासिक एकताको अवस्था समावेश गरिएको छ ।

# राजपासँगको सहकार्य राम्रो शुरुवात : उपप्रधानमन्त्री पोखरेल

**महोत्तरी/मस–** उपप्रधानमन्त्री ईश्वर पोखरेलले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र राष्ट्रिय जनता पार्टी (राजपा ) बीचको सहकार्य राम्रो शुरुआत भएको बताएका छन् । बर्दिवासमा नेकपा महोत्तरीद्वारा आयोजित प्रदेश नं २ बाट राष्ट्रियसभामा निर्वाचित प्रतिनिधिलाई शनिबार बधाइ ज्ञापन गर्दै उनले राजपासँगको सहकार्यले निर्वाचनमा राम्रो परिणाम आएको छ भने ।



‘राष्ट्रियसभा निर्वाचनमा दुवै दलको आवश्यकताले हामीबीच सहकार्य भयो,’ उपप्रधानमन्त्री पोखरेलले भने, ‘अब मुलुकको समृद्धि अभियान अघि बढाउन यो सहकार्य अझ विश्वासिलो र सुदृढ बन्नु पर्दछ ।’

कार्यक्रममा नेकपाका प्रदेश नं २ का इन्चार्ज एवम् प्रदेशसभा २ मा विपक्षी दलका नेता सत्यनारायण मण्डल, पार्टीका प्रदेश २ का सहइन्चार्ज विश्वनाथ साहसहितका नेताहरुले नवनिर्वाचित राष्ट्रियसभा सदस्यलाइ बधाइ ज्ञापन गरेका थिए ।

नेकपाबाट राष्ट्रियसभामा निर्वाचित तुलसा दाहाल र राधेश्याम पासवानले जनअधिकार र जनचासोका केन्द्रित रहने प्रतिबद्धता जनाए । नेकपाका केन्द्रीय सदस्य तथा महोत्तरीका इन्चार्ज राजु खड्काको अध्यक्षतामा सम्पन्न भएको हो ।

## दम्पती....

जसमा १७३ महिना र १४९ पुरुष रहेका छन् । ६ जनाको राज्यपक्षबाटै हत्या भएको छ । जबकी २०१७ मा २५५ जनाको हत्या भएको थियो ।

**घटना बढ्नुको पछाडि के मानसिक समस्या छ ?**

मनोविद् गोपाल ढकाल यस्ता घटना घट्नुको पछाडि मानसिक समस्या प्रमुख रहेको बताउँछन् । सामाजिक सञ्जालको जथाभावी प्रयोग, सामाजिक मुल्य मान्यतमा कमी, वैदेशिक रोजगारी जस्ता कारण सँगसँगै मानसिक समस्या पनि रहेको उनको भनाई छ । साईकोपाथ भएका विरामीले यस्ता अपराधि गर्न पछि नपर्ने उनको तर्क छ । ‘साईकोपाथ भएका विरामीहरू कुनै पनि अपराध गर्न पाउँदा एकदमै खुशी हुने प्रकृताका हुन्छन् । उनीहरूको लागि कसैलाई मार्नु, दुःख दिनु एकदमै सामान्य लाग्छ । उसले पीडा बोध पनि गर्दैन् ।’ उनले भने ।

यस्ता घटनालाई कमी ल्याउन घर परिवारको नै विशेष भूमिका हुनुपर्ने उनको तर्क छ । आफ्नो घर परिवारमा के भइरहेको छ ? आफ्ना मान्छेहरू के कस्तो गल्ती गरिरहेका छन् ? जस्ता कुरामा विशेष ख्याल गर्नुपर्ने उनको भनाइ छ ।

## कोरोना...

मध्यनजर गर्दै जिल्लास्तरबाटै शनिबारदेखि नाकाबाट सेवा सुरु गरिएको छ । त्यहाँ रहेको हेल्थ डेस्कबाट सेवा सुरु गरिएको हो । शनिबार शंका लागेका एक जना पनि बिरामी नआएको स्वास्थ्य कार्यालय रसुवाका प्रमुख किरण श्रेष्ठले जानकारी दिए ।

चीनसँगको अन्तर्राष्ट्रिय व्यापारिक नाका रसुवागढीबाट नेपाल प्रवेश गर्ने पर्यटकको शनिबारदेखि स्वास्थ्य परीक्षण सुरु गरिएको छ । नाकामा यसअघि स्थापना गरिएको हेल्थ डेक्सलाई नै प्रभावकारी बनाएर सञ्चालनमा ल्याइएको हो । जिल्ला सुरक्षा समितिको बुधबार बसेको बैठकले नाकाबाट पर्यटकको आवागमन बढ्दै गएको र कोरोना भाइरस भित्रने जोखिम बढेको कारण स्वास्थ्य परीक्षण गर्नुपर्ने निर्णय गरेको थियो । कोरोना भाइरसको संक्रमणबाट हालसम्म चीनमा ४१ जनाको मृत्यु भएको छ ।

## पुसमा...

रोमानियामा २ सय १९ र टर्कीमा ५३ जना गएका छन् ।

पुसमा करिब ४० हजार नयाँ कामदारको पूर्व स्वीकृति निस्केको छ भने ५१ हजार २ सय ७७ जनाले वैदेशिक रोजगारीमा जान म्यादी बीमा गरेका छन् । वैदेशिक रोजगारीमा गएका मध्ये आधा भन्दा बढी अदक्ष कामदार रहेका छन् । गएका कुल ५२ हजार मध्ये ६ जनामात्र उच्च दक्ष, २८ जना व्यवसायीक, ४ हजार ६ सय २० उच्च दक्ष, १७ हजार ६ सय ७ जना दक्ष कामदार रहेका छन् । अदक्ष कामदारको संख्या २९ हजार ९ सय ६५ रहेको छ ।

धेरै कामदार पठाउने टप टेन को को ?

पुस महिनामा ५ सय ९३ कामदार पठाएर दि रिभर ओभरसिज प्रा.लि. बढी कामदार पठाउने म्यानपावर सूचीको पहिलो नम्बरमा रहेको छ । सूचीको दोश्रो नम्बरमा रहेको प्याराडाइज इन्टरनेशनल प्रा.लि.ले ४ सय ५१ कामदार पठाएको छ । तेश्रो नम्बरमा रहेको कोशी ईन्टरनेशनल सर्भिस प्रा.लि.ले ४ सय ३२ जना पठाएको छ ।

त्यस्तै सूचीको चौथो नम्बरमा रहेको अन्जली ओभरसीज सर्भिस प्रा.लि.ले ३ सय ६०, एस.ओ.एस सर्भिसेस प्रा.लि.ले ३ सय १७ कामदार पठाएर पाँचौं, २ सय ८७ कामदार पठाएर भिजन एण्ड भ्यालु ओभरसीज प्रा.लि छैठौं, समान २ सय ७१ जना कामदार पठाएका डिके रिभर ओभरसीज प्रा.लि. र ग्राण्ड शिखर ओभरसीज प्रा.लि. सातौं, २ सय ५८ कामदार पठाएको मास ह्युमन रिसोर्स प्रा.लि. आठौं, २ सय ४७ जना कामदार पठाएको ए एस ईन्टरनेशनल ग्रुप प्रा.लि नवौं र २ सय २० कामदार पठाएको साउण्ड लाइन्स दशौं स्थानमा रहेका छन् । २ सय ११ जना कामदार पठाएको पंगेनी ह्युमन रिसोर्स प्रा.लि. एघारौं नम्बरमा रहेको ।

विभागमा दर्ता रहेका ८ सय ५४ म्यानपावर कम्पनी मध्ये पुस महिनामा ७ सय ६८ म्यानपावर कम्पनीले मात्र कामदार पठाएका छन् । त्यसमा सय जना भन्दा बढी कामदार पठाउने म्यानपावर कम्पनीको संख्या ५३ रहेको छ भने दश जना भन्दा कम कामदार पठाउने म्यानपावर कम्पनीको संख्या २ सय ७३ रहेको छ । ८६ म्यानपावर कम्पनीले एकजना पनि कामदार उडाएका छैनन् ।

## भलिबलमा...

व्यवसायीहरुको सक्रियतामा गठन गरिएको हो । क्लबमा रहेका पदाधिकारीहरु यसअघि पनि भलिबल खेलमा लागेकाले उनीहरुको सक्रियता यस खेलमा बढी देखिएको छ ।

क्लबको मुख्य उद्देश्य भनेको वैदेशिक रोजगारको बारेमा युवाहरुलाई सकारात्मक सन्देश प्रवाह गर्ने र भलिबल खेलका खेलाडीहरुलाई सहयोग गर्ने रहेको क्लबका अध्यक्ष तथा वाइड स्पेस इन्टरनेश्नल प्रालिका संचालक बासु श्रेष्ठ बताउँछन् । उनले भने ‘हामी युवा व्यवसायीहरुको सक्रियतामा हेल्प नेपाल क्लब गठन गरेका हौं । हामी कुनै न कुनै रुपमा भलिबल खेलमा जोडिएकाले हामीले भलिबलका खेलाडीहरुलाई पनि सहयोग गर्दै आएका छौं ।’ क्लबको नेतृत्वमा अधिकांश युवा वैदेशिक रोजगार व्यवासायीहरु नै छन् । क्लबको वरिष्ठ उपाध्यक्षमा आयुष इन्टरनेश्नल ओभरसिजका सालिक सुनार, उपाध्यक्षमा माइल स्टोन इम्प्लाईमेन्टका वासु पुडासैनी, महासचिवमा अर्का युवा व्यवसायी अरुण श्रेष्ठ र सचिवमा माँ पद्मा प्लेसमेन्टका गणेश तिमल्सिना छन् ।

क्लबले सामाजिक उत्तरदायित्व अन्तर्गत यसले खेलाडीहरुलाई सहयोग गर्दै पनि आएको छ । क्लबका अध्यक्ष श्रेष्ठले भने ‘हामीले भलिबल खेललाई माया गर्ने भएकाले यो खेलमा लाग्ने कोही पनि खेलाडीहरुले दुःख पाउनु हुन्न भन्ने लक्ष्य पनि लिएका छौं ।’ केही वर्ष अघि भलिबलका राष्ट्रिय खेलाडी चन्द्र कुँवर विरामी परेका बेला क्लबले उपचारार्थ आर्थिक सहयोग पनि गरेको थियो । क्लबको नाम नै हेल्प नेपाल भएकाले नाम जस्तै कामको रुपमा पनि पूर्व खेलाडी कुँवरलाई उपचार गर्दा नगद ५ लाख सहयोग गरेको थियो ।

नेपाल भलिबल संघले आयोजना गर्ने प्रतियोगितामा प्रतिस्पर्धा गर्ने र हरेकजसो प्रतियोगितामा सेमिफाइनल र फाइनलसम्म स्थान बनाउने हेल्प नेपालले २०७३ र हालै २०७६ को क्लब च्याम्पियनसिपको उपाधि जितेको छ । नेपाली भलिबलमा विभागीय क्लबहरुको दबदबालाई तोड्दै हेल्प नेपालले उपाधि जितेको हो । शुक्रबार भएको फाइनलमा पनि विभागीय क्लब एपीएफ माथि हेल्प नेपाल तीन सून्यको सोझो सेटमा विजयी हुँदै नगद २ लाख रुपैयाँ पनि पुरस्कार जित्न सफल भयो । हेल्प नेपालको टिममा भने विदेशी खेलाडी पनि हुने गर्छन् । उसले अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरु ल्याउने गरेको छ । क्लबले विदेशी खेलाडीहरुलाई ल्याएर नेपाली खेलाडीहरुसँग प्रतिस्पर्धा गराउँदा नेपालकै खेल स्तर बढ्ने भएकाले यस्तो गरिएको अध्यक्ष श्रेष्ठको भनाई छ ।

हेल्प नेपाल क्लब ७ वर्ष अघि स्थापना भए पनि नेपाली भलिबल क्षेत्रमा भने विशेष योगदान गर्दै आएको छ । उसले हालै काठमाडौंमा भएको १३ औं दक्षिण एसियाली खेलकुद साग प्रतियोगिता खेल्ने महिला र पुरुष दुवै भलिबल खेलाडीहरुलाई करिब ४ लाख बराबरको जर्सी प्रदान गरेको थियो । क्लबका अध्यक्ष श्रेष्ठले भविष्यमा एक स्तरीय भलिबल कप आयोजना गर्ने योजना मध्यान्हलाई सुनाए । उनले भने ‘यदि वैदेशिक रोजगार व्यवसायी संघले सहयोग गरेमा भलिबलको वैदेशिक रोजगार कप आयोजना गर्ने लक्ष्यमा छौं ।’

# पौडेल र पोखरेलको जुहारी

**बुटवल/मस–** प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले राजधानीका विषयमा नेकपाका महासचिव विष्णु पौडेलले लविङ गर्दै हिडेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । बुटवलमा शनिवार आयोजित प्रेस संगठन नेपाल प्रदेश ५ को प्रथम भेलालाई सम्बोधन गर्दै मुख्यमन्त्री पोखरेलले राजधानीको विषयलाई नेकपा महासचिवले प्रतिष्ठाको विषय बनाउन नहुने भन्दै आगामी दिनमा राजधानीको विषयमा नबोल्न सुझाए । नेकपा स्थायी कमिटी सदस्य रहेका रहेका पोखरेलले प्रदेश राजधानी कसैलेदम्भ देखाएर नआउने दाबी गरे । सम्बोधनमा उनले भने, ‘मैले दाङ राजधानी बनाउने भनेर चुनाव जिते । विष्णु पौडेलले पनि बुटवल राजधानी बनाउने भनेर चुनाव जित्नुभयो । राजधानीको विषयमा अहिले मेरो निजी विचार छैन । महासचिवले पनि पत्रकारलाई फोन गरेर राजधानीको विषयमा लविङ नगर्नुस र नबोल्नुस् ।’

प्रदेशलाई विभाजन गर्न नभई जोड्नका लागि राजधानी बनाउनु पर्ने भन्दै पोखरेलले निर्वाचनका बेला गरिएको कुराभन्दा पछि हटेर राजधानीको विषय टुङ्ग्याउनुपर्ने बताए । उनले भने, ‘सहमतिकै आधारमा प्रदेशको स्थायी राजधानी र नामाकरण टुंगो लगाउछौं । पूर्व लुम्बिनी, राप्ती र भेरीको मनोविज्ञान त्यागेर साझा मनोविज्ञान बनाउन आवश्यक छ ।’ मुख्यमन्त्री पोखरेलले गम्भीर समीक्षा बिना समाचार नलेख्न पत्रकारहरुले सुझाव समेत दिए । केन्द्रका ‘विग मिडिया हाउस’ को एजेण्डालाई मोफसलका पत्रकारहरुले बोक्नुपर्ने अवस्थाले गर्दा सरकारले गरेको राम्रा कामको पनि चर्चा हुन नसकेको उनको भनाइ छ । ‘केन्द्रको टेवलमा बसेर समाचार खोज्न लगाउने, अनि तपाईंले लेख्ने’ उनले भने, ‘स्वतन्त्र भनेपनि नजानिँदो ढंगबाट गोटी बनिरहनुभएको छ ।’

# कैलालीमा इन्जिनियरहरूले गरे रक्तदान

**कैलाली/मस-** सेन्टर फर डेमोक्रेटिक इन्जिनियर्स नेपाल (सिडेन) सुदूरपश्चिम प्रदेश समितिले रक्तदान कार्यक्रमको आयोजना गरेको छ । शनिवार धनगढीमा आयोजना गरिएको कार्यक्रममा २२ जना इन्जिनियर हरूले रक्तदान गरेका छन् ।

संस्थाको सामाजिक दायित्व अर्न्तगत रहेर रक्तदान कार्यक्रमको आयोजना गरिएको संस्थाका नवनिर्वाचित सचिव इन्जिनियर अरुण जोशीले जानकारी दिए । लोकतान्त्रिक इन्जिनियरहरूको छाता संगठनको रुपमा रहेको सिडेनले प्रादेशिक समिति गठन गर्ने कार्यको समेत शुरुवात गरेको छ । प्रदेश स्तरमा इन्जिनियरहरूको हकहित संरक्षण, पेशागत दक्षता अभिवृद्धि गर्नका लागि प्रादेहिक समिति गठन गर्न थालिएको हो । संस्थाले सामाजिक रुपमा आफ्नो दायित्व निर्वाह गर्ने कार्य स्वरुप पहिलो कार्यक्रमको रुपमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।

# मेहेनत चल्छ, तर पानी किन चल्दैन ?

**सौरभ यादव/मध्यान्ह**
राजविराज, ११ माघ



हमरे डाला पनपथिया सँ,
देबतो पितर पूजाई छै ।
कहु यौ बाबु तैयो हमर
देहिन किया छुवाई छै ॥
मेहेनत हमर चलै छै सगरो,
मुद्दा चलै नै पाइन यौ.......

यो मैथिली भाषाको गीत हो । दलितमाथि भइरहेको सामाजिक विभेदलाई गीतकार धीरेन्द्र प्रेमर्षीले शब्दमा उतारे । गायक रामा मण्डलले स्वर दिए । गायिका रूपा झाले रामाको स्वरमा स्वर थपिन् ।

दलितहरूको तत्कालीन परिस्थितिलाई इंगित गर्दै उनले गीत गाएका थिए । राजतन्त्र हुँदै देश गणतन्त्रमा आइसक्यो । तन्त्र फेरियो तर, दलित अझै पनि छुवाछुतबाट प्रताडित छन् । गीतमा भनिएको छ, ‘मेरै डाला ढाँकीले इश्वर पूजिन्छ, तै पनि मेरो जीउ किन छोइन्छ । मेहेनत मेरो सबै ठाउँमा चल्छ, तर पानी किन चल्दैन ?’

मूर्तिकला पेशालाई नै जीविकोपार्जनको माध्यम बनाएर अघि बढेका सप्तरीको दलित समूदायद्वारा तयार पारिएको माटाका मूर्ति देउता घरमा पुगेपछि आफैले छुन नपाउँदा दलित मूर्तिकारहरुले यो गीत सुनाउँदै दुःखी तुल्याएको छ ।

तराई मधेशमा विद्यमान रहेको जातीय छुवाछुतका कारण आफैले दिनरात मेहेनत गरेर तयार गरेको मूर्तिसमक्ष आफ्नै शरीर अछुत भएपछि उनीहरुलाई पिरोलेको छ । सप्तरीको खडक नगरपालिका वडा नं ११ बनौलीका बुधेश्वर रामले मूर्तिकलामा लागेको दुई दशक अर्थात २० भयो । बाल्यकालदेखि नै मूर्तिकलामा निकै रुची राखेका रामले प्रशिक्षण विना नै १३ वर्षकै उमेरदेखि आकर्षक र मोहित पार्ने खालका माटाका मूर्तिहरु बनाउन थाले ।

आर्थिक अवस्था निकै कमजोर रहेका कारण रामले प्रविणता प्रमाणपत्र तहसम्म मात्रै शिक्षा हासिल गरेर मूर्तिकला पेशालाई नै जीविकोपार्जनको माध्यम बनाए । अहिले उनी जिल्लामै अब्बल मूर्तिकारको रुपमा परिचित छन् ।

वसन्त पञ्चमी, दशैं, लक्ष्मी पुजा, विश्वकर्मा पुजा लगायत चाडवाडको बेला रामले मूर्ति बेचेरै वार्षिक ५-७ लाख रुपैयाँसम्म आयआर्जन गरेर परिवार धान्दै आएका छन् । तर, तराई मधेशमा विद्यमान रहेको जातिय छुवाछुतका कारण आफैले दिनरात मेहेनत गरेर बनाएको मूर्ति देउता घरमा पुगेपछि आफ्नै शरीर अछुत भएपछि उनलाई पिरोलेको छ ।

मुलुक जातीय छुवाछुतमुक्त राष्ट्र घोषणा भएको यतिका वर्ष वित्दा पनि कार्यान्वयन गर्ने गराउनेतर्फ राज्यले ध्यान नदिँदा आफु जस्ता परिश्रम गरेर जिविकोपार्जन गर्दै आएका दलित समूदायका युवाहरुलाई समस्या हुने गरेको रामको गुनासो छ ।

दलित समूदायलाई छुवाछुत गर्नेहरुलाई कानूनी दायरामा ल्याएर आफुहरुको जनजीवन सहज पार्नेतर्फ ध्यान पुर्‍याउन रामले तीन तहकै सरकारकासाथै यस क्षेत्रमा कार्यरत संघ संस्थाहरुसँग आग्रह समेत गरेका छन् ।

# दुर्गममा लाग्दैनन् चिकित्सकका आँखा

**हेमन्त केसी/रासस**
जाजरकोट, ११ माघ

सुगमका आँखाले दुर्गम नदेख्दा जाजरकोटको स्वास्थ्य सेवा समस्यामा पर्दै आएको छ । पैसट्ठी जना दरबन्दी भएको स्वास्थ्य सेवा कार्यालय, जाजरकोटमा अहिले मुस्किलले कार्यालय सहयोगीसहित तेइस जना स्वास्थ्यकर्मीले सेवा दिँदै आएका छन् ।

सधैं दुर्गममात्र भनेर सेवा दिन आनाकानी गर्ने शैलीका कारण यहाँको स्वास्थ्य सेवा समस्यामा पर्दै आएको हो । ४२ जना स्वास्थ्यकर्मीको दरबन्दी रिक्त भएपछि स्वास्थ्य सेवा कार्यालय करार र प्रशिक्षार्थी स्वास्थ्यकर्मीको भरमा चलिरहेको छ ।

अस्पतालमा सातजना विशेषज्ञसहित पैसट्ठी जनाको दरबन्दी छ तर विशेषज्ञ चिकित्सक, स्वास्थ्यकर्मी, औषधि, पूर्वाधार र उपकरण लगायतको अभाव भएपछि सामान्य बिरामीसमेत जिल्लाबाहिर गएर उपचार गराउन बाध्य छन् । अस्पताललाई चार वर्षअघि १५ बाट ५० शय्यामा स्तरोन्नति गरिएको थियो । जनशक्ति तथा उपकरण नहुँदा अस्पताल आफैं रोगीजस्तो बनेको स्थानीयवासीको आरोप छ ।

स्वास्थ्यकर्मीको समायोजनले अस्पताल जनशक्तिको अभावमा गुज्रिएको हो । अहिले अस्पतालमा कार्यालय सहयोगीसहित २३ जनामात्र स्वास्थ्यकर्मी कार्यरत छन् । आठ स्टाफ नर्सको दरबन्दी रहेकामा एकजना मात्र कार्यरत छिन् ।

**विशेषज्ञ चिकित्सकको दरबन्दी खाली**

स्वास्थ्य सेवा व्यवस्थापक, बालरोग, स्त्रीरोग, बेहोस बनाउने, जनरल फिजिसियन, अर्थोपेडिक सर्जन र पेडियाट्रिसियन गरी सातजना विशेषज्ञ चिकित्सकको दरबन्दी छ तर कुनै पनि विशेषज्ञ चिकित्सक अस्पतालमा छैनन् । तीन मेडिकल अधिकृत र एकजना आयुर्वेद चिकित्सकको दरबन्दी पनि रिक्त छ ।

त्यस्तै मेडिकल ल्याब टेक्नोलोजिस्ट, रेडियोग्राफी टेक्नोलोजिस्ट र स्वास्थ्य सहायक पद लामो समयदेखि खाली छ । पब्लिक हेल्थ नर्स, ल्याब टेक्निसियन, फार्मेसी सहायक, एनेस्थेसिया सहायक, ल्याब असिस्टेन्ट र तीन अहेबको दरबन्दीसमेत रिक्त रहेको अस्पताल व्यवस्थापन समितिले जनाएको छ ।

स्वास्थ्य सेवा कार्यालयका प्रमुख डा रवीन भुसालले बिरामीको सङ्ख्या दिनदिनै बढिरहेको बताए । उनले भने, ‘दैनिक १५० जनासम्म बिरामी आउने गरेका छन, दरबन्दीअनुसारको चिकित्सक छैनन्, समस्या हुँदै आएको छ ।’ स्वास्थ्यकर्मीलाई समयमै तलब र अतिरिक्त भत्ता दिन नसक्दा भएका जनशक्तिको पनि सदुपयोग हुन नसकेको उनको भनाइ छ ।

अस्पतालमा स्वास्थ्य बीमाको औषधि सकिएको र अन्य औषधि आपूर्ति नभएको उनले बताए । अहिले स्वास्थ्य बीमा गरेका बिरामीले औषधि नपाउँदा समस्या हुँदै आएको छ । उनका अनुसार प्रदेश सरकारले कर्णालीमा काम गर्ने स्वास्थ्यकर्मीलाई १३५ प्रतिशतसम्म थप प्रोत्साहन भत्ता दिने निर्णय गरे पनि स्वास्थ्यकर्मी आउने छाँटकाँट देखिएको छैन ।

कर्णाली प्रदेश सरकारले जनस्वास्थ्य, जिल्ला अस्पताल र जिल्ला आयुर्वेद औषधालयलाई एउटै कार्यालय बनाएपछि व्यवस्थापन झन् लथालिङ्ग छ । जनशक्ति पूर्ति र उपकरणको व्यवस्था नगर्दा अस्पताल नाम मात्रको बनेको अध्यक्ष बस्नेतको गुनासो छ ।

**नयाँ भवनका लागि बोलपत्र आह्वान**

स्वास्थ्य सेवा कार्यालय, जाजरकोटको सेवा प्रवाह प्रभावकारी बनाउन भन्दै दुई हप्ताअघि मात्र भवन निर्माणका लागि झण्डै ३१ करोडको बोलपत्र आह्वान गरिएको छ । २०३१ सालका पुराना भवन विस्थापित गरी नयाँ भवन निर्माण गर्ने उद्देश्यले बोलपत्र आह्वान गरी अबको दुई महिनाभित्र निर्माणको काम शुरु हुने अस्पताल व्यवस्थापन समितिका अध्यक्ष धर्मशिला बस्नेतले जानकारी दिए । अस्पताल निर्माण गर्दा सेवा अवरुद्ध हुन नदिनका लागि दुईवटा भवन कर्णाली प्रदेश सरकारको बजेटबाट निर्माण गरिएको उहाँले बताउनुभयो ।

**सेवा प्रभावकारी बनाउन एम्बुलेन्स खरिद गरिदै**

स्वास्थ्य सेवा कार्यालयमा एम्बुलेन्स नहुँदा समस्या परेको भन्दै एम्बुलेन्स खरिदको काम शुरु गर्न लागिएको छ । रु २५ लाख मूल्य बराबरको एम्बुलेन्स खरिद गर्नका लागि प्रदेश सरकारले रकम उपलब्ध गराउन लागेको निमित्त प्रमुख रबिन भुसालले जानकारी दिए । त्यस्तै स्वास्थ्य बीमा र अन्य औषधि खरिद प्रक्रिया यही सातादेखि शुरु हुन लागेको पनि उनले जानकारी दिए ।

**अझै दुर्गमको डर ?**

जाजरकोटमा विगत भएको विभिन्न रोग तथा समस्यालाई हेरेर यहाँ कर्मचारीहरु आउन नमानेको विभिन्न फोरममा सुन्न पाइन्छ तर जाजरकोट सुनेको र सोचेको जस्तो दुर्गम नभई अहिले सबै ठाउँमा यातायातको सहज पहुँच, टेलिफोन सेवा विस्तार, तीनवटा राणनीतिक सडकको बीचमा रहेका छ । जाजरकोटका प्रजिअ जनकराज पन्तले भने, ‘शुरुमा जाजरकोट भन्ने बित्तिकै अलि असहज लागे पनि जाजरकोट पुग्दा हाम्रो दिमागमा जाजरकोटप्रति बनेको धारणा गलत रहेको थाहा पाए, त्यसैले यहाँ आउन पाउनु सबैका लागि भाग्य नै हो । सुर्खेत र नेपालगञ्ज चार घण्टामा पिच सडकमा गुडेर पुग्न सकिन्छ ।’


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७६/१०/१२

यस कम्पनीको मिति २०७६/०९/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **शंकर ट्राभल एण्ड टुर्स प्रा.लि. (प्रा.लि.नं. १८९३४०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०९/१६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **डी.एन.एस. टुर्स एण्ड ट्रेक्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**इनर्जी एण्ड कन्ष्ट्रक्सन कम्पनी प्रा.लि. कम्पनी खारेज गरिएको लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०५३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति२०६२/१२/१३ मा दर्ता भएको प्रा.लि. नं. ३९१९१/०६२/०६३ को इनर्जी एण्ड कन्ष्ट्रक्सन कम्पनी प्रा.लि.को मिति २०७६/१०/०४ मा बसेको बिशेष साधारणसभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्य युक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफै वा प्रतिनिधिमार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको कार्यालयमा सम्पर्क राख्नहुन सूचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय : बिश्वास ल एशोसियट्स प्रा.लि.**
**रामशाहापथ, पुतलीसडक, काठमाडौं, फोन नं.** ९८५१०५९५५१, ९८५११-१५९४८
**श्री शिब प्रसाद कडेल, दामासाही व्यवसायी इजाजत नं.** ९२

# एमसीसी संशोधनसहित पारित हुन्छ : गृहमन्त्री

**सुर्खेत/मस–** गृहमन्त्री रामबहादुर थापाले मिलियन च्यालेन्ज कर्पोरेसन (एमसिसी)का केही प्रावधान परिमार्जन गरेर संसद्ले पारित गर्ने बताएका छन् । नेपाल सरकार गृहमन्त्रालय र कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको संयुक्त आयोजनामा सञ्चालित दुई दिने सुरक्षा गोष्ठीमा सहभागी हुन सुर्खेत आइपुगेका उनले सञ्चारकर्मीहरुसँगको भेटघाटका क्रममा एमसिसी राष्ट्रिय हितमा हुनुपर्ने बहस चलिरहेको र सभामुखको घोषणा भएपश्चात् सदनमा प्रस्तुत हुने बताए ।



एमसिसी सरकारले सदनबाटै पारित गर्नुपर्ने बाध्यता किन भन्ने विषयमा पत्रकारले राखेको प्रश्नको जवाफमा उनले अमेरिकी सिनेटले पारित गर्ने भएकाले नेपालको सदनबाट पारित गर्नुपर्ने उल्लेख गरे । एमसिसी परियोजनाअन्तर्गत अमेरिकाबाट नेपालमा लगानी हुने ५५ अर्ब रुपैयाँ बजेटमा नेपालको पनि १३ अर्ब रुपैयाँ लगानी हुने उनले जानकारी दिए ।

'एमसिसी परियोजनाअन्तर्गत अमेरिकाबाट नेपालमा लगानी हुने रु ५५ अर्ब बजेटमा नेपालको पनि रु १३ अर्ब लगानी हुन्छ,' गृहमन्त्री थापाले भने, 'तर पनि कर्मचारी राख्नेदेखि लेखापरीक्षणलगायत विभिन्न प्रावधानहरुमा अमेरिकाको निर्णय मान्नुपर्ने बाध्यता जस्ता कुराहरु संशोधन हुनुपर्छ ।'

गृहमन्त्री थापाले एमसिसीबारे नेकपाको स्थायी समितिमा छलफल भएर हिन्द प्रशान्त रणनीति एमसिसीमा समेटिए त्यो सम्झौतामा सहभागी नहुने र त्यसको कार्यान्वयन नगर्ने निर्णय भएको समेत जानकारी दिए ।

लामो समयदेखि एमसीसीबारे मौन रहेका गृह मन्त्री थापाको यो अभिव्यक्तिपछि एमसीसी पक्षधर हरुलाई नराम्रो झट्का पुऱ्याएको छ । नेता थापा समसामयिक विवादित मुद्दामा लामो समयसम्म मौन बस्ने र निर्णायक क्षणमा मात्रै आफ्नो मत प्रकट गर्ने गर्छन् ।

गृहमन्त्री थापाले शान्ति र स्थायित्व बिना मुलुकमा विकास असम्भव भएको बताए । उनले सरकारले आपराधिक नियन्त्रणलाई प्राथमिकता राखेको बताए । नेपाललाई आपराधिक अखडा बनाउँदै आएका चिनियाँ नागरिकलाई भर्खरै सरकारले पक्राउ गरेर देश निकाला गरेको जनाउँदै उनले भने, 'हामीले सीमापारिका अपराध नियन्त्रणमा उल्लेखनीय सफलता हात पारेका छौँ । सांस्कृतिक परिवर्तनस्वरुप सरकारले छाउपडी प्रथा उन्मूलन अभियान सञ्चालनन गरेको छ । यसबाट पनि समाजमा सकारात्मक प्रभाव पर्दै गएको छ ।'

पछिल्लो समयमा निर्यात बढेको बताएका गृहमन्त्री थापाले सरकारले आठ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको र विकास निर्माणका काम पनि निर्वाध अघि बढाएको जनाए । सरकारले गरेको लगानी सम्मेलन र चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमण नेपालका लागि लाभदायक भएको उनको भनाइ थियो ।

त्यसैगरी, विप्लवलाई मूल प्रवाहमा ल्याउने काम जारी नै रहेको बताउँदै उनले सदनबाट प्रहरी विधेयक पारित भइसकेको र अब राष्ट्रपतिबाट प्रमाणीकरण हुन मात्र बाँकी रहेको जनाए । भारतले सार्वजनिक गरेको नयाँ नक्साका कारण उब्जिएको विवाद र त्यसबाट दक्षिणसँग बिग्रेको सम्बन्ध सुधार गर्न कूटनीतिक प्रयास भइरहेको उनले बताए ।

# छोरी शिक्षा बीमा सप्ताह शिविरमा १२७ छोरीको बीमा

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, ११ माघ



प्रदेश २ सरकारले सञ्चालन गरेको 'बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत सिरहा नगरपालिका वडा नं. ९, १०, ११, १२ र २२ मा शनिबार सम्पन्न छोरी शिक्षा बीमा सप्ताह शिविरमा १२७ छोरीको बीमा गरिएको छ । सिरहाको कल्याणपुर नगरपालिका तथा नरहा र अर्नमा गाउँपालिका र सिरहा नगरपालिका उक्त ५ वडामा सम्पन्न छोरी शिक्षा बीमा सप्ताह शिविरमा हाल सम्म ५३७ छोरीको बीमा गरिएको छ ।

गत २०७५ माघ २ पछि जन्मिएका सबै छोरीको बीमा गर्न सिरहाको कल्याणपुरमा दुई दिन, नरहा गाउँपालिकामा एक दिन, अर्नमा गाउँपालिकामा २ दिन र सिरहा नगरपालिकामा पहिलो दिन उक्त ५ वडामा हाल सम्म ५३७ छोरीको बीमा गरिएको जनाइएको छ ।

सिरहाको कल्याणपुर नगरपालिकास्थित रेडक्रस भवनमा सम्पन्न शिविरमा १९७ जना तथा नरहा गाउँपालिकामा ९३ जना, अर्नमा गाउँपालिकामा १२० जना र सिरहा नगरपालिकाको उक्त ५ वडामा गरी १२७ जना छोरीको बीमा गराइएको सामाजिक सुरक्षा सिरहा जिल्ला संयोजक टीकाराम विश्वकर्माले जानकारी दिएका छन् । शिविरमा छोरीहरुलाई काखमा च्यापेर बीमा गराउन शिविरस्थलमा अभिभावकहरुको घुइँचो लाग्ने गरेको छ । सिरहाको १७ वटै स्थानीय तहहरुमा शिविर सञ्चालन गर्ने योजना रहेको संयोजक विश्वकर्माले बताए ।

छोरा र छोरीबीच हुने विभेदलाई अन्त्य गर्दै छोरीहरुको शिक्षामा पहुँच पुऱ्याउने उद्देश्यले सञ्चालित छोरी शिक्षा बीमा सप्ताह शिविरमा गत २०७५ माघ २ गतेपछि प्रदेश २ मा जन्मिएका सबै छोरीको सबै कागजात पूरा गरी शिविरमै बीमा गरिने जनाइएको छ । छोरी शिक्षा बीमा शिविरमा बीमा गराउने छोरीहरुको प्रभु बैंकमा मुद्धति खाता खोलेर बीमा गरिने र बीमा बापत लाग्ने रु १३ हजार ५४७ प्रिमियम रकम प्रदेश सरकारले नै खातामा जम्मा गरिदिने प्रदेश २ सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले जानकारी दिए ।

प्रदेश २ सरकारले 'बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत २०७५ सालदेखि नै छोरी शिक्षा बीमा शुरु गरे पनि कर्मचारी अभावमा प्रभावकारी हुन नसकेपछि प्रदेशभरिका सबै स्थानीय तहहरुसँग समन्वय गरी स्थानीय तहहरुमा छोरी बीमा सप्ताह शुरु गरिएको हो ।

# 'कुन्छाली सेवा समाज'द्वारा ६ जना जेष्ठ नागरिक सम्मानित



**काठमाडौं/मस–** 'कुन्छाली सेवा समाज'ले ६ जना जेष्ठ नागरिकलाई सम्मान गरेको छ । लमजुङ जिल्लाको साविक कुन्छा गाविस, हाल सुन्दरबजार नगरपालिका वडा नं १ र आसपास स्थायी ठेगाना भई हाल काठमाडौंमा रहेका कुन्छाली तथा शुभचिन्तकहरुको संस्था 'कुन्छाली सेवा समाज'ले शनिबार बालाजु बाईसधारामा आयोजना गरेको बनभोज कार्यक्रमको अवसरमा ६ जना जेष्ठ नागरिकलाई सम्मान गरेको हो ।

सम्मानित जेष्ठ नागरिकहरुमा तुलसी प्रसाद कोइराला, राम कुमार श्रेष्ठ, सूर्य विलास सेढाई, सुमन गौली, शिव कुमार अधिकारी, सावित्री सिंह र शिव राज गौली रहेका छन् । साथै समाजले संस्थाका ४३ जना आजीवन सदस्यहरुलाई सदस्यताको प्रमाणपत्र र मायाको चिनो स्वरुप संस्थाको लोगो अंकित कप वितरण गरेको समाजका अध्यक्ष बद्रीनाथ कोइरालाले जानकारी दिए । कार्यक्रममा मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठ, नेपाल सरकारका पूर्व सचिव उदय राज सोती, समाजका सचिव समेत रहेका क़ानून व्यवसायी देबेन्द्र कोइराला, पूर्व प्रहरी निरीक्षक अग्नी कुमार श्रेष्ठ, व्यवसायी नारायण तारा श्रेष्ठ, इन्दिरा अधिकारी, कृष्णमान श्रेष्ठ, सन्तोष बस्नेत, रत्नकुमार श्रेष्ठ, सन्दिप मल्ल लगायतलाई संस्थाको आजिवन सदस्यताको प्रमाण पत्र र मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रममा सञ्चालन गरिएको विभिन्न खेलहरुमा भएका विजेताहरुलाई पुरस्कार वितरण समेत गरिएको अध्यक्ष कोइरालाले बताए ।

समाजका सचिव देवेन्द्र कोइरालाले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष कृष्णमान श्रेष्ठले स्वागत मन्तव्य राखेका थिए । ५ वर्षअघि गठन भएको कुन्छाली सेवा समाजले समय समयमा यस्ता जमघट, बनभोज, तिज कार्यक्रम, शुभकामना आदानप्रदान लगायत कुन्छालीहरुका बीचमा आपसी सहयोग र समन्वयको कामहरु गर्दै आएको सचिव कोइरालाले बताए ।

# महोत्तरीमा क्रसर उद्योग बन्द गरिने

**महोत्तरी/रासस-** जताततै क्रसर उद्योगले अवैध उत्खनन बढाएका गुनासो बढेपछि महोत्तरी जिल्लामा क्रसर उद्योग अब पूर्णरुपमा बन्द गरिने भएका छन् । प्राकृतिक सम्पदा र नदीजन्य पदार्थको उपयोग रेखदेख गर्न गठित जिल्ला अनुगमन समितिले जिल्लाका सबै क्रसर उद्योग तत्काल बन्द गर्ने निर्णय गरेको हो । जिल्लाका क्रसर उद्योगहरुले गत आर्थिक वर्ष २०७५/७६ को स्टक (भण्डार) विवरण नदिएका हुँदा हाललाई सबै यस्ता उद्योग बन्द गर्ने निर्णय गर्नु परेको समितिले जनाएको छ । जिल्लाका सबै स्थानीय तहलाई आ-आफ्ना क्षेत्रमा रहेका क्रसर तथा बालुवा प्रशोधन केन्द्रको स्टक प्रमाणित गरी जिल्ला समन्वय समिति महोत्तरीमा पठाउन भनिए पनि कतैबाट त्यस्तो जानकारी हालसम्म प्राप्त नभएको जिल्ला समन्वय समितिका संयोजकसमेत रहेका अनुगमन समितिका संयोजक सुरेशप्रसाद सिंहले जानकारी दिए । यद्यपि क्रसर र बालुवा प्रशोधन नाउँ राखेर नदी र नदी उकास जग्गामा उधुम मच्चाउँदै आएका यस्ता उद्योग तत्काल बन्द गरिने सिंहको भनाइ छ । जिल्लामा १५ स्थानीय तह रहे पनि उत्तरी क्षेत्रका बर्दिवास, औरही, भङ्गाहा र गौशाला नगरपालिका क्षेत्रमा धेरैजसो यस्ता उद्योग सञ्चालित छन् । अब माग गरिएको विवरण प्राप्त भएपछि सोको अध्ययनबाट मात्र सबै प्रक्रिया पूरा गरेका उद्योगलाई पुनः सञ्चालनको अनुमति दिन सकिने संयोजक सिंहले स्पष्ट पारे ।

चुरे पहाडी शृंखला र नदी एवं नदी उकास जग्गामा जथाभावी ठूलठूला यन्त्र लगाएर बालुवा, ढुङ्गाको अवैध उत्खनन बढेको गुनासो बाक्लिएसँगै गत वर्षदेखि नै जिल्ला समन्वय समिति र प्रदेशसभा-२ को प्राकृतिक स्रोत तथा वातावरण समितिले अनुगमन गर्दै आएका छन् । यद्यपि करिब ५० को सङ्ख्यामा सञ्चालित क्रसर र बालुवा प्रशोधन उद्योगले अनुगमनका क्रममा माग गरिएका कागजात नदिएरै उत्खनन कार्य जारी राखेका पाइएपछि अहिले त्यसमा कडाइ गरिन यस्ता उद्योग पूर्णरुपले बन्द गर्ने निर्णय बुधबार नै गरिएको संयोजक सिंहले बताए ।

उद्योगहरुको स्टक अवस्था बोर्डमा उल्लेख गरेर पारदर्शी गरिएपछि मात्र ठेक्का बन्दोबस्तको प्रक्रिया अघि बढ्नसक्ने समितिले जनाएको छ । सबै उद्योगको स्टक अवस्था सम्बन्धित स्थानीय तहले महिनामा दुईपटक प्रमाणित गरी जिल्ला समन्वय समितिमा पठाउने परिपाटी बसाल्ने कुरा सुनिश्चित नगरिएसम्म अब उद्योग सञ्चालनको सम्भावना नरहेको समितिले जनाएको छ । जिल्लाका क्रसर उद्योगले कानूनी प्रक्रिया मिचेर रातारात उत्खनन गर्ने गरेका छन् । यो अवस्था देखिएपछि सबै स्थानीय तहलाई निश्चित समय तोकेर उज्यालोमा मात्र उत्खनन गर्नसक्ने व्यवस्थाको स्पष्ट निर्देशन सबै स्थानीय तहलाई दिएको सिंहले बताए । जिल्लाका रातु, मरहा, भब्सी, जङ्घा, बडहरी, सोनी र टुटेश्वरसहितका नदी र नदीउकास जग्गामा क्रसर र बालुवा प्रशोधन उद्योग सञ्चालित छन् ।

# घुससहित इञ्जिनीयर पक्राउ

**सिन्धुली/मस–** सिन्धुलीको घ्याङलेख गाउँपालिकाका एक जना इञ्जिनीयर पक्राउ परेका छन् । गाउँपालिकामा कार्यरत इञ्जिनीयर दिलीपकुमार शाहलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासको टोलीले पक्राउ गरेको हो। गाउँपालिकाको विद्युत् विस्तार गर्ने क्रममा उपभोक्तासँग पैसा मागेपछि शाहलाई रङ्गेहात पक्राउ गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासले जनाएको छ। शुक्रबार बेलुका सिन्धुलीमाढीमा शाहले मागेको रकम लिने क्रममा स्टलबजार नजिक बिपी राजमार्गबाट शाहलाई रङ्गेहात पक्राउ गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासका मधुकुमार थापाले जानकारी दिए ।

शाहले विद्युत् विस्तार गर्ने उपभोक्ता समितिसँग रु दुई लाख २६ हजार मागेकामा उपभोक्ता समितिबाट चेक र नगद लिँदै गर्दा पक्राउ परेका हुन् । उनको साथबाट कृषि विकास बैंकको रु ७० हजारको चेक, सिटिजन बैंकको रु एक लाख ६० हजारको चेक र स्रोत नखुलेको ३५ हजार रकमसहित पक्राउ गरिएको थापाले जानकारी दिए ।

गाउँपालिकामा विद्युत् विस्तारका क्रममा लामो समयसम्म इञ्जिनीयर शाहका कारण उपभोक्ताले पैसा पाउन नसकेपछि अख्तियारमा उजुरीका आधारमा इञ्जिनीयर पक्राउ परेका हुन् । घ्याङ्लेक गाउँपालिकामा दुई वर्षदेखि शाह करारमा इञ्जिनीयरका रूपमा काम गर्दै आएका थिए ।

# महिला मानव अधिकार रक्षक सञ्जाल दोलखाको अध्यक्षमा तामाङ



**राजन बस्नेत/मध्यान्ह**
दोलखा ११ माघ

महिला मानव अधिकार रक्षक सञ्जाल दोलखाको अध्यक्ष मा भीमेश्वर नगरपालिका वडा नं. ७ मकैबारीकी तारा तामाङ सर्वसम्मत चयन भएकी छिन् । सञ्जालको तेस्रो वार्षिक साधारण सभाले तमाङको अध्यक्षतामा ११ सदस्यीय जिल्ला समिति गठन गरेको छ ।

समितिको उपाध्यक्षमा विना श्रेष्ठ, सचिव राधा चापागाई, सहसचिव देवी वसेल र कोषाध्यक्षमा उर्मिला विष्ट चयन भएका छन् । यसैगरी सदस्यहरुमा राज कुमारी श्रेष्ठ, गीता बुढाथोकी, पुष्पा जिरेल, पार्वती खड्का, नविना लामा र उषा थापा चयन भएका छन् ।

सञ्जालकी अध्यक्ष पार्वती कार्कीको अध्यक्षतामा भएको साधारण सभामा संस्थाकी सचिव विना श्रेष्ठले प्रगति प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा दोलखाको भीमेश्वर नगरपालिकाकी उपप्रमुख कमला बस्नेत, तामाकोशी गाउँपालिकाकी उपाध्यक्ष उर्मिला खड्का, जिल्ला प्रहरी कार्यालय दोलखाकी प्रहरी निरीक्षक रुक्सा वज्राचार्य, महिला तथा बालबालिका शाखा कार्यालयकी शाखा प्रमुख सुर्जा दहाल, भीमेश्वर नगर कार्यपालिका सदस्य रुपा भुजेल, क्यान नेपाल दोलखाकी अध्यक्ष सरुणा मानन्धर, पत्रकार गायत्री आचार्य लगायतले महिलाका अवस्थाका बारेमा बोल्दै महिला माथि हुने सबै प्रकारका हिंसा अन्त्यका लागि एक हुने समय आएको धारणा राखेका थिए ।

महिलाको कामको पहिचान, मान्यता र सम्मानको वातावरण तयार गर्न इस्वी संवत २००७ डिसेम्वर १ मा केन्द्रीय सञ्जाल गठन गरी महिला अधिकार प्राप्तीका लागि देशैभरी काम गरिरहेको छ। अधिकारकर्मी सिर्जना कार्कीको संयोजकत्वमा २०६७ सालमा दोलखा सञ्जाल गठन भएको थियो। महिला माथि हुने हिंसा विरुद्ध आवाज उठाउँदै, मानवअधिकार, सामाजिक न्याय, महिलाको आर्थिक सामाजिक साँस्कृतिक अधिकारका लागि सञ्जालले काम गर्दै आएको छ । निर्वाचित अध्यक्ष तामाङले महिलाहरुको हक अधिकार र संरक्षण गर्न आफुहरु सरोकारवाला निकायहरुसँग मिलेर कार्यक्रमहरुलाई अघि बढाउने प्रतिबद्धता व्यक्त गरिन् ।


तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com



होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

Get your skill for your future carrier



✓ HK
Cleaners/House Keeping/ Laundry man, Room boy

✓ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✓ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✓ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाईं सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।



कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# कोरोना सतर्कता

चीनको वुहान प्रान्तमा देखिएको कोरोनाभाइरसका कारण ४१ जनाको मृत्यु भएको छ । कोरोनाभाइरसको संक्रमण देखिए पछि चीन सरकारले वुहानमा उच्च सतर्कता अपनाएको छ । झण्डै एक करोड जनसंख्या रहेको वुहानका सार्वजनिक यातायात बन्द गरिएको छ । सडक यातायात, रेल र उडान ठप्प पारिएको छ । हप्ता दिनभित्रै निर्माण सक्नेगरी रातारात हजार शैयाको अस्पताल निर्माण भइरहेको छ । वुहानका छिमेकी प्रान्तहरूमा समेत उच्च सतर्कता अपनाइएको छ । झण्डै एक करोड जनताको आवातजावात रोकिएको छ ।

चीन सरकारको उच्च सतर्कताका बीच पनि कोरोनाभाइरसको संक्रमण फैलिने क्रम रोकिएको छैन । युरोपियन मुलुकहरूमा समेत कोरोनाभाइरस पुगिसकेको छ । फ्रान्समा कोरोनाभाइरसका कारण दुई जनाको मृत्यु नै भइसकेको छ । यसको संक्रमण नेपालमा समेत देखिएको छ । वुहानबाट स्वदेश फर्किएका नेपाली विद्यार्थीमा कोरोनाभाइरस देखिएको छ । रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिसमा उच्च जोखिम हुने यो भाइरस चीनको ठूलो समस्या बनेको छ ।

वुहान लगायत प्रान्तमा धेरै नेपाली अध्ययनका क्रममा पुगेकाले उनीहरूबाट नेपालमा समेत यो संक्रमण आउने संभावना उच्च रहेको स्वास्थ्य अधिकारीहरूले बताएका छन् । चीन जस्तो उच्च सुविधा रहेको मुलुकमा समेत नियन्त्रणमा कठिनाइ रहेकाले नेपालमा यसबारे चासो र चिन्ता देखाउनु ढिलाई गर्न हुन्न । सामान्य रोगको पहिचान समेत हुन नसक्ने मुलुक नेपालमा यसबारे बेलैमा ध्यान नदिने हो भने भयाबह रूप लिन सक्छ । तसर्थ, नेपाल सरकारले यस्तो माहामारीबारे बेलैमा उचित तयारी गर्नु आवश्यक हुन्छ । त्यसै पनि सामान्य प्रकोपमा समेत आवश्यक औषधि उपचार गर्न कठिन हुने मुलुकमा चीन जस्तो आवश्यक ठाउँमा रातारात अस्पताल नै तयार पार्ने सामर्थ्य नेपालसँग छैन ।

विश्व स्वास्थ्य संगठन र चीन सरकारले समेत कोरोनाभाइरसलाई माहामारी मानेको छ । युरोपियन मुलुकहरू समेत कोरोनाभाइरसलाई उच्च सतर्कता अपनाउनुपर्ने आवश्यकता बोध देखिनुले नेपालले सामान्य रूपमा लिए यसको क्षति महँगो पर्न सक्छ । सरकारसँगै, यस्तो संवेदनशील विषयमा सरोकारवाला सवै जुटेर यसतर्फ सचेतता अपनाउन आवश्यक छ । विशेषगरी यस्तो अवस्थामा अस्पताल र चिकित्सकहरूको पूर्व तयारी महत्वपूर्ण हुन्छ । यो डरलाग्दो संक्रमणबाट बच्ने र बचाउने प्रयास गरौं ।

## सामाजिक सञ्जाल



संसदको निर्णयलाई राज्यका कुनै पनि निकायले प्रभावित पार्नु लोकतन्त्रको उपहास हुने छ । सभामुख निर्वाचनको विषयलाई लिएर डलरवादीहरू फेरि जाग्न थालेको प्रत्यक्ष अनुभूति भयो । सावधान !

- डा विजय पौडेल



छोरो के गर्छ भन्ने प्रश्नमा मेरा बाका आँखाले टुलु टुलु मेरा आँखा तिर नहेरेका हुँदा हुन त म पनि पासपोर्ट बोकेर परदेश तिरको कुनै देश जान भिसा कुरेर बस्दिन थिएँ होला । मेरा बा जस्तै सबै बा हरूलाई कस्ले भन्दिने बा तपाईको सेवा गर्नु,घरको काम गर्नु पनि त अरबौ कमाउनु जस्तै नै हो भनेर ।

– अनुप तिमल्सिना



चीनबाट फैलिएको कोरोना भाइरसको संक्रमण नेपालमा पनि भित्रिने जोखिम रहेको चिकित्सकहरूले बताउँदै आएकाले यसतर्फ सजग बनौं र सरकारले पनि विमानस्थलबाटै निगरानी सुरू गरोस् ।

– आनन्दराज बतास



सभामुख चयनमा असन्तुष्टि जनाउँदै राष्ट्रपतिका सल्लाहकारद्वारा राजीनामा । उपसभामुखलाई उचालेर पार नलागेपछिको नाटक । राष्ट्रपतिलाई राजनीतिक मोह भर्ने यस्तैले हो ।

– प्रकाश दुलला

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# अस्थिर राजनीतिले जन्माएका वर्ग विभेद



■ डा. बद्री पोखरेल

"विश्वको आर्थिक अवस्थालाई बाहिर ल्याउने काममा जिम्मेवारी बहन गर्दै आएको अक्स्फाम इन्टर नेसनलले २०१७ को प्रतिवेदन सार्वजनिक गर्दै विश्वको कुल सम्पत्तिमा आधा जनसंख्याको कुनै हिस्सा नभएको जनाएको छ । विश्वका आधा जनसंख्यासँग भएको सम्पत्ति केल आठ जना धनीसँग मात्र रहेको तथ्य पनि प्रतिवेदनले उजागर गरेको छ ।

नेपालीहरूले धेरै लामो समयदेखि समृद्धिको चाहना राखी त्यसका निमित्त कुरा उठाउँदै आएका छन् । हरेक राजनीतिक परिवर्तनपछि अब आर्थिक विकासमा लाग्नुपर्ने राजनीतिक नेतृत्वको कुरा सुन्दै आएका पनि हुन् । २००७ सालमा राणाशासनको अन्त्य भएपछि चिरप्रतीक्षित प्रजातन्त्र आएको पनि हो । प्रजातन्त्रको जग मानिने धेरै राजनीतिक दल खुलेका पनि हुन् । तर, प्रजातान्त्रिक आचरणको पालना गर्ने अभ्यास राजनीतिक दलहरूमा देखिएन । कौरव-पाण्डवको झगडाझैं आआफैं लडे र आएको प्रजातन्त्र पनि गुमाए । २०१७ सालदेखि पञ्चायत सुरु भयो । सुरुमा भूमिसुधार, ग्रामीण बचत, हदबन्दी निर्धारणजस्ता कार्यक्रमको थालनी भए पनि राजपरिवार क्रमशः निरंकुश बन्दै गयो । राजाले भन्दा पनि राजाका शाखा सन्तान, नातागोता र राजपरिवारसँग वैवाहिक सम्बन्ध भएका राणा परिवारका सीमित व्यक्तिहरूले दोस्रो-तेस्रो राजाको भूमिका बनाउँदै गए । सम्पत्ति वितरणमा भन्दा एकत्रीकरण र व्यक्तीकरणमा जोड दिए । फलतः थोरै व्यक्ति धनी हुँदै गए । अधिकांश जनता गरिब बने । अहिलेको जस्तो धनी-गरिबका बीचको खाडल पहिचान गर्ने संयन्त्र प्रयोग गरेर प्रतिशत छुट्याउन नसके पनि हरुवा, चरुवा, हली, मोहीको संख्या बढ्दै गयो । सीमित व्यक्तिहरूको भने जग्गा, जमिन, घर थपिँदै गयो । बैंक ब्यालेन्स थपियो । विदेशी बैंकमा पैसा राख्ने अभ्यास बस्यो ।

पञ्चायती व्यवस्थाबाट सर्वसाधारण जनता आजित भए । व्यवस्थाको विरोधमा आवाज घन्किन थाल्यो । २०३६ सालमा राजा स्वयंले पञ्चायतको विकल्पबारे मतदान गर्न बाध्य भए । विकल्प नै नपाए पनि जनतामा जागृति र जागरण फैलियो । यसैबीच अन्तर्राष्ट्रिय रूपमा पनि दोस्रो विश्वयुद्ध सकियो । विश्व बैंकको स्थापना भयो । स्टक्चरल एडजस्टमेन्टका नामबाट विश्व बैंकले खुला बजारको नीति अघि सार्‍यो । नेपालमा पनि बैंकिङ क्षेत्रमा यसको असर भित्रियो । १९९५ मा विश्व व्यापार संगठनको स्थापना भयो । २००४ मा नेपाल पनि सदस्य भयो । त्यसपछि नेपालले विश्व बजार उपभोग गर्ने सुविधा पायो भने नेपाल पनि सबै देशका लागि खुला भयो । व्यापारका लागि मुद्रा, सिमाना, जनशक्ति र प्रविधिको सीमा समाप्त भयो ।

२०४७ सालमा प्रजातन्त्रको पुनःस्थापना भयो, तर व्यवस्था मात्र परिवर्तन भयो । व्यवस्था चलाउने चालकहरू बदलिएनन् । प्रजातन्त्र कौवाका लागि बेल बन्यो । प्रजातन्त्रको नाममा शक्ति भएकाहरूले हालीमुहाली गरे । जनकल्याण र जनस्वार्थभन्दा व्यक्ति र परिवारको स्वार्थ हाबी भयो । सक्नेले उद्योग खोले । अन्तर्राष्ट्रिय व्यापार गरे, स्कुल र कलेज स्थापना गरे । कति नाफा लिनुपर्छ भन्ने सीमा र निगरानी नहुँदा तिनीहरूका लागि २०६० अगाडिको समय स्वर्णयुग बन्यो । मालिक र रैती बन्ने क्रम रोकिएन, झाङ्गियो ।

२०४७ र २०६० को बीचमा सीमित परिवारको उन्नयनबाट आमनागरिक ठगिएको वास्तविकतालाई अघि सारेर जातीय सद्भाव र सामाजिक मान्यतालाई हतियार बनाई माओवादी शक्ति जन्मियो र प्रजातान्त्रिक शक्तिसँग लड्न सक्ने पहिचान बनायो । बाह्रबुँदे सम्झौता भयो । त्यही शक्तिलाई प्रजातन्त्रको मूल धारमा ल्याउने नाममा प्रजातान्त्रिक शक्तिले गति छोड्यो । झन्डै-झन्डै आत्मसमर्पण गर्‍यो । दुवै शक्ति एक भए । तर, नागरिकप्रतिको उत्तरदायित्वबारे त्यसबेलाको शक्ति र व्यवस्था मौन बन्यो ।

२०६० सालपछि राजतन्त्र मासियो । र पनि, नयाँ तन्त्रको खाका बनेन । झन् अन्योल भयो । यसबीचमा धनीको भन्दा गरिबको संख्या झन् बढ्यो । अर्थशास्त्रको नियमअनुसार धनले धन कमाउँछ र अवसर नपाउनेहरू झन् गरिब बन्छन् भन्ने सिद्धान्त अक्षरशः कार्यान्वयनमा आयो ।

विश्वव्यापी रूपमा हेर्दा पनि सम्पत्ति वितरणतर्फ अन्तराल अरू गहिरिँदै गएको पाइन्छ । विश्वको आर्थिक अवस्थालाई बाहिर ल्याउने काममा जिम्मेवारी बहन गर्दै आएको अक्स्फाम इन्टर नेसनलले २०१७ को प्रतिवेदन सार्वजनिक गर्दै विश्वको कुल सम्पत्तिमा आधा जनसंख्याको कुनै हिस्सा नभएको जनाएको छ । संसारको कुल सम्पत्तिको ८२ प्रतिशत हिस्सा जम्मा विश्वको १ प्रतिशत जनताको पहुँचमा रहेको प्रतिवेदनले देखाएको छ ।

अक्स्फामले १० मुलुकका ७० हजार मानिस समावेश गरी तयार गरेको प्रतिवेदनमा वर्तमान विश्वव्यापी अर्थव्यवस्थामा धनीलाई थप धनी लुल्याएकोले करोडौं मानिसको जीवन नरकतुल्य हुने चित्रण गरिएको छ । विश्वका आधा जनसंख्यासँग भएको सम्पत्ति केल आठ जना धनीसँग मात्र रहेको तथ्य पनि प्रतिवेदनले उजागर गरेको छ ।

अवसरले नै व्यक्तिलाई धनी बनाउँछ भन्ने नोवेल पुरस्कार विजेता प्रसिद्ध अर्थशास्त्री अमर्त्य सेनको भनाइ नेपालको सन्दर्भमा पनि शतशः लागू भयो । राजनीतिक रूपले वा बौद्धिक वा प्राविधिक वा आर्थिक रूपले सक्षम हुनेहरू नै अवसर पाउनेबित्तिकै आर्थिक र भौतिक अवस्थामा सुधार ल्याउन सक्षम भए । जसले अवसर पाएनन् तिनीहरूको आर्थिक अवस्था दिनानुदिन खस्कँदै गयो । छउन्जेल घरभित्रको खाए, अवसर पाउन्जेल बाहिर कमाएर खाए, अवसर पाउन छोडेपछि घरजग्गा बेचेर खाए । त्यसपछि सुकुम्बासी र सडकवासी भए । यिनीहरूको कथा व्यथा र यथार्थलाई कुनै दलको सरकारले पनि मल्हम लगाउनु त कता हो कता; हेर्न, सम्बोधन गर्न वा नीति बनाउन समेत सकेन ।

अर्थशास्त्रको नियमअनुसार साधनहरू सीमित हुन्छन्, तर व्यक्तिका आवश्यकता असीमित हुन्छन् । यसलाई व्यवस्थित बनाउने काम अर्थशास्त्रको नियमको सदुपयोगमा मात्र सम्भव हुन्छ । उदाहरणका रूपमा राष्ट्र बैंकले छाप्ने नोट निश्चित संख्याको मात्र हुन्छ । अनन्त परिमाणमा छापिए त्यसको मूल्य शून्य बराबर हुन्छ । यसरी निश्चित परिमाणमा छापिएको नोट एउटै वा सीमित व्यक्तिको हातमा पर्न गयो भने बहुसंख्यक मान्छेको खल्ती खाली हुन्छ । जसको खल्ती खाली हुन्छ, त्यो नै गरिब बन्छ र सुकुम्बासी बन्छ । यसैले अर्थशास्त्रको नियम अनुसार साधनहरूको वितरण समुचित, न्यायोचित र व्यावहारिक ढङ्गबाट हुनुपर्छ । समान वितरण नभएकाले नै कसैको खल्ती अटाइ-नअटाइ हुने र कसैको रित्तो हुने गरेको यथार्थ हो । कर छली गर्ने, मजदुरहरूलाई शोषण गर्ने, अवैधानिक ढंगबाट उद्योग, व्यापार-व्यवसाय गर्ने र त्यसो गर्दा पनि आवश्यक नियम-कानुन तर्जुमा गर्न नसक्ने र भएकै नियम कानुनअनुसार पनि कारबाही गर्न नसक्ने सरकारी अक्षमताकै कारण अर्थशास्त्रको नियमअनुसार स्रोतसाधनको अपव्यय वा असमान वितरण हुने गरेको स्पष्टै छ । नेपालमा अहिले देखिएको सम्पत्ति असमानता यसैको परिणाम हो ।

जनसंख्या बनोटको दृष्टिबाट अहिले नेपालको जनसंख्याको अवस्था सन्तोषजनक छ । १५ देखि ५९ वर्ष उमेर समूहका जनसंख्यालाई काम गर्न सक्ने जनसंख्याका रूपमा लिने विश्वव्यापी मान्यता छ । यो मान्यताअनुसार २०५८ मा ५४ प्रतिशत काम गर्न सक्ने जनता भएकोमा २०६८ मा ५७ प्रतिशत पुगेको छ । तर, यो जनसंख्या आफ्नो देशमा काम नभएर वा काम गर्ने वातावरण नभएर विदेश पलायन हुन बाध्य भएका छन् । जनसांख्यिक लाभ लिनबाट देश ठगिएको छ । जलस्रोतको दृष्टिबाट सम्पन्न मानिने देशमा अझै पनि दुईतिहाइ घरपरिवार दाउरामै खाना बनाउने गर्छन् भने १० प्रतिशतभन्दा बढीले गोबर र गुइँठाबाट खाना पकाउँछन् । १ प्रतिशतभन्दा निकै कमले मात्र बिजुलीबाट खाना बनाउने गरेको तथ्यांक छ । यी सबै तथ्यांकले पनि नेपालमा आर्थिक असमानता रहेको पुष्टि गर्छन् । यसरी दाउरा र गुइँठा प्रयोग गर्नाले वनजंगलको विनाश भै वातावरणमा असर गर्ने र त्यसले मुटु, फोक्सो र कलेजोलाई पनि खराब गर्ने गरेको तथ्यांकबाट देखिने गरेको छ । यसबाट कार्बन उत्साजनक बढ्ने, अक्सिजन कम हुने जस्ता असर पनि उत्तिकै डरलाग्दा छन् ।

यी सबै अवस्था घटना र असरहरूलाई न्यून गर्न सरकारी नीतिकै मात्र भर पर्ने अवस्था पनि छैन । आमजनता नागरिक समूह एवं प्रबुद्ध वर्गहरू र गैरसरकारी निकायले पनि उल्लेख्य भूमिका निर्वाह गर्नेतर्फ मनन गर्नुपर्ने देखिन्छ ।

# पेट्रोलियम पदार्थमा शुद्धता नहुँदा गाडीको इन्जिनमा समस्या

समयानुकूल आमनागरिकले स्तरीयता मापन गर्न थालेपछि र शुद्धतामा पनि बढी जोड दिन थालेपछि भने बजारको माग फेरिँदै आएको छ ।

**सुदर्शन आचार्य**

लेखकको तस्विर छैन सांकेतिक प्रयो गर्नुहोला

नेपालको मुख्य आयस्रोत मानिएको भए तापनि यातायात क्षेत्रमा भने खासै सुधार ल्याउन सकिएको छैन । सरकारले विभिन्न समयमा बनाएका नीति-नियमले यातायात व्यवसाय सञ्चालनमा त केही सुधार आउन सक्ला, तर यातायात सवारी साधनमा भने खासै सम्बोधन हुन सकेको पाइँदैन । कुन स्तरको सवारी साधन नेपालको परिवेशमा सञ्चालनमा ल्याउन मिल्छ भन्ने कहीं-कतै पनि अध्ययनको विषय बनेको छैन । साना, मझौला तथा ठूला सवारी साधन गरेर करिब ३५ लाखजति यातायातका सवारी साधन सञ्चालित अवस्थामा पाइन्छन्, तर ती सवारी साधन भने एकै प्रकारका नभई फरक-फरक प्रकृतिका रहेका छन् । सवारी साधनको किसिमका लागि सरकारले मापदण्ड जारी गरेर निर्देशिका ल्याउन सकेको छैन । मात्र बुलेट बाइकलाई निर्वाध रूपमा सञ्चालनमा रोक लगाउन खोजेको भान भएको छ ।

यातायात ऐन, २०४९ लागू भएयता झन् अन्योलको स्थिति बनेर सिन्डिकेटको दलदलमा नागरिक फस्दै गएका थिए । घोषणामा सिन्डिकेट अन्त्य भए पनि व्यवहारमा भने अझै उतार्न सकिएको छैन । राजस्व असुलीमा समेत २५-२६ वर्षपहिलेको अवस्था र अहिलेकामा खासै अन्तर ल्याउन सकेको छैन । हालसम्मको स्थितिमा कर प्रणालीमा भने सवारी साधनको सीसी हेरेर कारोबार गरिने गरिएको छ । सवारी साधन खरिद गर्नुपूर्व खरिद गर्न लागेको सवारी साधनको विवरण पेस गरेर स्वीकृतिपश्चात् मात्र खरिद गरेमा सरकारी तथ्याङ्क प्रस्ट रहने कुराको व्यावहारिक पक्षलाई जोड दिन सकिएको छैन । व्यक्तिको मनोमानीमा सवारी साधन खरिद-बिक्री गर्दा, कति सार्वजनिक सवारी साधन चालू अवस्थामा छन् र कति थन्किएका छन् भन्ने रेकर्ड सरकारी निकायको आँकडामा उतार गर्न सकिरहेको छैन । परिणामस्वरूप सार्वजनिक सवारी साधनको कृत्रिम अभाव सिर्जना गराई यात्रुलाई कष्टपूर्ण यात्राको सामना गरी नै रहनुपरेको छ ।

आन्तरिक व्यवसायलाई प्रोत्साहन दिन भनी स्वदेशी पुँजीपतिले गरेको लगानीको त्यति सम्मानजनक सन्तुष्टि पाएको अनुभूति उहाँहरूले प्रकट गर्न सकिरहनुभएको छैन । राष्ट्रको सम्मानखातिर गरिएको सवारी साधनको रक्षाका बारेमा सरकारले ध्यान दिन सके व्यवसायीलाई प्रोत्साहन अवश्य मिल्ने थियो । रुट परमिटप्रदायक निकायले बाटोको अवस्थाको ख्यालै नगरी रुट परमिट जारी गरिदिँदा र ठाउँ ठाउँमा सडकको अवस्थाका बारेमा निरिक्षण नहुँदा सडक दुर्घटनामा कमी आउन सकेको छैन । कुन बाटो कस्तो प्रकारको सवारी साधन सञ्चालन गर्न मिल्छ र कति फराकिलो सडक आवश्यक पर्छ भन्ने अध्ययनपश्चात् मात्र निष्कर्षमा पुग्न सके यात्रुप्रतिको जिम्मेवारी सम्बन्धित निकायले लिएको अनुभूति हुने थियो । पहुँचवालाको दबाबमा जस्तो साँघुरो बाटोमा पनि निर्वाद वजनदार सवारी साधन सञ्चालनमा ल्याइएका छन् ।

विश्वभर नै शक्तिशाली इन्धनका रूपमा पेट्रोलियम पदार्थलाई मानिएको छ । गाडीको स्तरअनुसारको पेट्रोलियम पदार्थको प्रयोग गर्नुपर्ने हुन्छ । शुद्धता नभएको फ्युलको प्रयोगले नेपालमा आउने पेट्रोलियम पदार्थका कारण गाडीका इन्जिनको कन्डिसन राम्रो देखिएको छैन । सरकारको एकाधिकार रहेको नेपाल आयल निगमले जस्तो स्तरको पेट्रोलियम पदार्थ दिए पनि जनताले स्विकार्नैपर्ने स्थिति छ । तर, यसमा भने नेपाल सरकार पनि भारत सरकारको मातहतमा रहेको इन्डियन आयल कर्पोरेसनबीच भएका सम्झौताअनुसार पेट्रोलियम पदार्थ आयात गर्ने भएकाले भारतीय बजारमा जुन स्तरको आयल पाइन्छ, नेपालमा पनि सोहीबमोजिमको आयल आयात हुने गरेको छ । भारतीय बजारमा उत्पादन भएका सवारी साधनहरू जुन स्तरका छन् सोहीबमोजिमको गुणस्तरीय पेट्रोलियम पदार्थ नेपालमा पठाइने गरेको छ । गाडीको मापदण्डअनुसारको पेट्रोलियम पदार्थ आपूर्ति गरिने भएकाले नेपालका सवारी साधनको आयातमा समेत भारतीय सरकारको एकाधिकार लादिएको हो । स्तरीय सवारी साधनलाई स्तरीय नै पेट्रोलियम पदार्थ चाहिने हुनाले नेपाली बजारमा सीमित मात्रामा मात्र सवारी साधनहरू गुणस्तरका रहेका छन् । त्यसै कारण पनि सरकारले विदेशी कूटनीतिक नियोगका गाडीमा र सर्वसाधारणले उपभोग गर्ने गाडीमा भिन्न-भिन्न प्रकारका आयल प्रयोग गर्ने गरेको थियो ।

समयानुकूल आमनागरिकले स्तरीयता मापन गर्न थालेपछि र शुद्धतामा पनि बढी जोड दिन थालेपछि भने बजारको माग फेरिँदै आएको छ । शुद्धीकरण भएको पेट्रोलियम पदार्थ नेपालमा आयात हुने हो भने सवारी साधन पनि अरू मुलुकबाट आयात गर्नुपर्ने देखिन्छ । भारतभन्दा बाहेकका मुलुकमा बनेका या चल्ने सवारी साधनमा लाग्ने पेट्रोलको स्तरले यहाँ पनि वातावरणमा धेरै प्रतिकूल असर नपार्न सक्छ । अब अध्ययन र अनुसन्धान गर्नुपर्ने विषय भनेकै किन नेपालमा उच्चकोटिको पेट्रोलको आयात गर्न नसकिएको हो त ? भन्ने सवाल जहींतहीं उठ्न सक्छ । सस्तोमा र गुणस्तरीय तेल आयात गर्न नसक्नु यसभन्दा अघिल्ला सरकारको कमजोरी देखिन्छ । भारतको मात्र मुख ताकेर बस्न बाध्य हुनु नै लाचारीपन हो भन्ने अनुमान गर्न सकिन्छ । राजनीतिक तथा व्यापारिक नीतिमा आन्तरिक सहमति नै यसको प्रमुख कारण रहेको छ । नेपालले आफ्नो उद्योग-व्यवसायलाई अहिलेसम्म पनि पुरस्कृत गर्दै हौसला दिन सकेको छैन । हालै मात्र नेपालमा पनि पेट्रोलियम पदार्थको खानी सञ्चालन गर्न सकिन्छ भनेर अनुसन्धानबाट पत्ता लागेको छ । यो त ५० औं वर्ष पहिले नै अध्यन गर्नुपर्ने विषय थियो । भूपरिवेष्टित मुलुकको फाइदा अन्य मुलुकले लिँदै आए, तर त्यसका लागि हामी अन्य देशको गुलामीमात्र बन्दै गयौं ।

सामान्यतया पेट्रोलियम पदार्थमा डिजेलको खपत अधिक हुने गरेको छ । त्यसपछि पेट्रोल र अनि न्यून रूपमा मट्टीतेलको खपत हुने गरेको छ । प्रजातन्त्रको पुनर्स्थापनाभन्दा पहिले युरो-२ स्तरको पेट्रोलियम पदार्थ र त्यही स्तरको गाडी नेपालमा भित्रिने गर्थ्यो । नेपालको भौगलिक कठिनाइले गाडी हिँड्ने डोब मात्र भए पनि रमाउनुपर्ने स्थितिमा सबैको व्यापार गर्ने थलो बनेको थियो । जब गिरिजाप्रसाद कोइरालाको सरकार बन्यो त्यसपछि मात्र युरो-४ स्तरको गाडी र तेल आउन थालेको तथ्याङ्कले देखाउने गरेको छ । त्यतिबेला भने विदेशी कूटनीतिक नियोगका लागि चल्ने गाडीमा भने छुट्टै ट्याङ्करमा पेट्रोलियम पदार्थ आउने गरेको जानकारहरू भन्ने गर्छन् । त्यसबेलाको आयलमा ८० अक्टेन मापनको पेट्रोलियम पदार्थ आयात हुन्थ्यो । जबकि यस गुणस्तरको आयलले गाडीको इन्जिनको आयु क्षीण बनाउँदै लान्थ्यो । तर, हाल आएर पेट्रोल ९१ अक्टेनको आयात हुन्छ, जुन युरो-४ स्तरको रहेको छ । यो युरो-४ स्तरको आयल भने सबै गाडीले प्रयोग गर्न थालेका छन् । अब आउने अप्रिल महिनादेखि अझ युरो-६ स्तरको आयल आयात हुने भएको छ । यो युरो-६ स्तरको आयल प्रयोगमा आएपछि खरिद गरिएका गाडीले छिट्टै इन्जिनमा आउने खराबी बेहोर्नुपर्ने छैन । आयल निगमको तेलमा गुणस्तरहीन नहुने तर बिचौलियाको मिलेमतोमा पेट्रोल र डिजेलमा मटीतेल मिसाएर गुणस्तरहीन वितरण गर्ने गरेको पाइएको कुरा बेलाबेलामा छापामा आउने गरेको छ । यसतर्फ भने सरकारले चनाखो भएर नियन्त्रण गर्ने हो भने गाडीको धूवाँबाट हुने दीर्घकालीन रोगको सिकार नागरिकले बन्नुपर्ने थिएन ।

# टर्कीमा भूकम्प, १८ जनाको मृत्यु

**टर्की/एजेन्सी-** टर्कीको पूर्वी क्षेत्रमा रहेको एलाजिग क्षेत्रमा शुक्रबार ६.८ म्याग्निच्युटको भूकम्प गएको छ। भूकम्प कम घनत्वयुक्त क्षेत्रमा गएको भए पनि कम्तिमा १८ जनाको मृत्यु भएको अन्तर ाष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन्। टर्कीस अधिकारीका अनुसार भूकम्पमा परेर ९०० घाइते छन् भने ३० व्यक्तिको भग्नावशेषमा फसिरहेका छन्।



भूकम्प गएको क्षेत्रमा अत्यन्त चिसो मौसम रहेकाले भग्नावशेषमा फसेका मानिसलाई जिउदैं उद्दार गर्ने काम कठिन बन्दै गएको छ। उद्दारकर्मी दिनरात नभनी फसेका मानिसको खोजी गरिरहेका छन्। रक्षामन्त्री हुलुसी अकरले भूकम्पको सहयोगको लागि फौज तैनाथ अवस्थामा रहेको बताएका छन्।

भूकम्पबाट घरबार नष्ट भएपछि सयौं मानिस बेघर भएका छन्। गृहमन्त्री सुलेमान सोयिलुले उद्दारकर्मीले भग्नावशेषमा फसेका कम्तिमा पनि ३० व्यक्तिलाई खोजेर सकेसम्म छिटो उद्दार गर्न खोजेको बताए।

विपद तथा आकष्मिक व्यवस्थापन निकायका अनुसार भूकम्प गएको एलाजिग टर्कीको राजधानी अंकाराबाट ७५० किमी टाढा छ। स्थानीय समय अनुसार ८:५५ मा आएको भूकम्पको केन्द्र जमिनभन्दा ६.७ किमी मुनि रहेको बताइएको छ।

प्रत्यक्षदर्शीका अनुसार कस्तीमा १० देखि १२ सेकेण्डसम्म कम्पन भएको थियो। त्यो निकै शाक्तिशाली थियो। 'हामीलाई यो रात निकै गाह्रो भयो,' एक भूकम्प पिडितले भने। उनीहरुका अनुसार त्यतिबेला तापक्रम माईनस पाँच डिग्री सेल्सियस पुगेको थियो। भूकम्पपछि दर्जनौं पटक पराकम्प पनि आएको बताइएको छ। भूकम्पको प्रभाव चार ओटा प्रान्तमा परेको विवरण आएको अधिकारीले जनाएका छन्।

मुल भूकम्पपछि पनि ५.४ रेक्टर स्केलको भूकम्प र ५.१ रेक्टरका दुई परकम्प आएका थिए। टर्की भूकम्पीय रुपमा संवेदनशील क्षेत्रमा रहेकाले भूकम्प गइरहन्छ। यस अघि सन् २०१० मा एलाजिग सहरमै पनि ६ रेक्टर स्केलको भूकम्प आएको थियो जसमा ५१ को मृत्यु भएको थियो।

# कोरोना फैलिने त्रास

**काठमाडौं/रासस-** यतिखेर चीन कोरोना भाइरसको संक्रमण थप बढ्छ कि भन्ने त्रासमा देखिन्छ। शनिबारसम्म प्राप्त भएको समाचारअनुसार यो संक्रमणको प्रकोप चीनका कम्तीमा १८ शहरमा निकै गम्भीररुपमा देखापरिरहेको छ। ती शहरमा यात्रा प्रतिबन्ध र अन्य धेरै किसीमका सतर्कता चिनियाँ सरकारले अपनाएको बताएको छ। यद्यपि चिनियाँ सरकारले देशभरीको उडान, रेल र बससेवामा भाइरस पत्ता लगाउन राष्ट्रव्यापी उपाय अपनाउन आदेश दिएको छ।

उक्त भाइरसका कारण ज्यान गुमाउने र संक्रमितको संख्या बढ्दै गएपछि शनिबार चीन सरकारले सो आदेश दिएको हो। यस संक्रमणबाट ४१ जनाको ज्यान गएको पुष्टि भएको छ। यस भाइरसबाट शनिबारसम्म संक्रमितको संख्या एक हजार २८७ पुगेको छ। त्यसैगरी चीनका केही प्रान्तहरुमा नै फैलिन पुगेको यस भाइरसको संक्रमणको कारण यात्रा प्रतिबन्धलगायत अन्य धेरै किसीमका सतर्कताबाट करिब पाँच करोड ६० लाख नागरिक प्रभावित भएका छन्।

अमेरिकाको सियाटलसमेतमा एक जना व्यक्तिमा कोरोना भाइरसको संक्रमण भएको अमेरिकी अधिकारीले जनाएपछि यसको फैलावटको त्रास अझै बढिरहेको छ। चीनको हुबेइबाट केही दिनअघि अमेरिका फर्किएका एकजना अमेरिकी नागरिकमा यसको संक्रमण भेटिएको पुष्टि भएको छ। उता जापानको राजधानी टोकियोमा पनि एक जना व्यक्तिमा कोरोना भाइरसको संक्रमण देखिएको अधिकारीले जनाएका छन्। यसरी यो संक्रमणले दक्षिण कोरिया, ताइवान, हङकङ, मकाउ र थाइल्याण्डमा छोइसकेको बताइन्छ। चीनको वुहान शहरबाट फर्किएका एक नेपालीमा कोरोनाभाइरस संक्रमण भेट्टिएको छ। कोरोना भाइरस युरोपमा पनि फैलिन थालेको छ। फ्रान्समा तीन जनामा कोरोना भाइरस देखिएको पुष्टि भएको छ। तर यसको संक्रमणबाट मृत्यु हुने भने चिनियाँ नागरिक मात्र छन्।

चिनियाँ अधिकारीले चीनमा उक्त भाइरसको प्रभावस्तर रोक्न र नियन्त्रण गर्न सबैभन्दा संवेदनशील अवस्था रहेको बताएका छन्। चीनले उक्त भाइरस मानिसबाट मानिसमा सरेको पुष्टि पनि गरिसकेको छ। जसका कारण यस संक्रमणको त्रास चीनमा मात्र नभएर चीनबाहिरसम्म पनि पुगिसकेको छ।

वैज्ञानिक भाषामा यसलाई '२०१९- एन सीओभी' भाइरस भनिन्छ। उक्त भाइरस कोरोनाभाइरस वर्गको एक खालको नयाँ प्रजातिका रुपमा विकास भएको वैज्ञानिकले बताएका छन्। उनीहरुका अनुसार यो भाइरस यसअघि पनि मानिसमा फेला परेको थियो। वैज्ञानिकले सन् २००० को दशकको शुरुआतमा नै यो भाइरसको प्रकोप बढेको बताएका छन्। उनीहरुले त्यस समयमा विश्वका विभिन्न देशमा यो भाइरसको संक्रमण बढेको र यसले ती देशमा झन्डै ८०० मानिसको ज्यान लिएको सार्स भाइरस पनि एक प्रकारको कोरोना भाइरस नै हो भनेका छन्।

यो भाइरस संक्रमण भएपछि खासगरी श्वासप्रश्वाससम्बन्धी समस्या देखिने गर्दछ। ज्वरो आउने, खोकी लाग्ने र सास फेर्न गाह्रो हुने यस संक्रमणपछिका लक्षण हुन्। यस भाइरसको संक्रमणपछि शरीरमा अक्सिजनको मात्रा कम हुँदै जाने पनि अर्को एक समस्या हो। यस भाइरसको संक्रमण बढ्दै जान थालेपछि विश्व स्वास्थ्य संगठनले जनस्वास्थ्य आपतकाल घोषणा गर्ने विषयमा सोच्नुपर्ने बताएको छ। यस्तो अवस्थाको घोषणा गर्ने विषयमा सोच्न विश्व स्वास्थ्य संगठनले भनिसकेकोले हाल चीनमा विशेष स्वास्थ्य विज्ञको समूहले आवश्यक प्रमाण जुटाउने काम गरिरहेको बताएका छन्।

यस प्राणघातक भाइरसले उत्पन्न गरेको अवस्थासँग जुध्न विश्वव्यापीरुपमा नै जनस्वास्थ्य आपतकालका रुपमा घोषणा गर्न सकिने विषयमा आवश्यक तयारी भएको विश्व स्वास्थ्य संगठनले जनाएको छ। यस भाइरसका संक्रमित चीन र चीनका छिमेकी देशका अतिरिक्त अमेरिकामा पनि भेटिइसकेकाले यस विषयमा सोच्नुपर्ने बताएका हुन्।

चीनका विभिन्न २५ प्रान्तका क्षेत्रमा यो भाइरसको संक्रमण फैलिएको छ। स्थानीय प्रशासनले जंगली जनावर र पशु बजारका क्षेत्रमा कडाई गर्न निर्देशन दिएको छ भने मानिसको बढी आवतजावत हुने विमानस्थल, बसपार्क र रेलमार्ग स्टेसनमा पनि स्वास्थ्य जाँचको प्रबन्ध मिलाइएको अधिकारीले जानकारी दिएका छन्।

हुबेई प्रान्तमा नै यसबाट धेरैको ज्यान गएको छ। चीनका स्वास्थ्य मन्त्री ली बिनले कोरोना भाइरसबाट हुबेई प्रान्तमा नै सबभन्दा बढी व्यक्तिको ज्यान गएको जानकारी दिएका छन्। मृत्यु हुनेमध्ये धेरै ४८ देखि ८९ वर्ष उमेरका व्यक्ति रहेका पनि जनाइएको छ। अधिकारीले बढी उमेरका मानिसमा यसको संक्रमण अझ बढी देखिएको बताएका छन्। डब्लूएचओको तथ्यांकअनुसार कुल संक्रमितमध्ये ७२ प्रतिशत ४० वर्षमाथिका छन्। यस्तै संक्रमितका ६४ प्रतिशत पुरुष रहेका छन्।

यसबाट निको भएर करिब एक हजार जना व्यक्ति अस्पतालबाट घर पनि फर्किएका छन् तर उनीहरुलाई पनि विशेष निगरानीमा राखिएको बताइएको छ। चीनको वुहानको जनसंख्या भन्डै एक करोड रहेको छ। त्यसैले उक्त संक्रमणको उत्पत्ति भएको सो क्षेत्रमा सरकारले बढी निगरानी राखिरहेको पनि बताइएको छ।

गत बिहीवार चिनियाँ नयाँ वर्षको बिदाको अवसर थियो तर त्यस दिन कुनै कार्यक्रमको आयोजना गर्ने र मनाउने काम नगर्न भनियो। नयाँ वर्ष मनाउने कार्यक्रममा मानिसको भीडभाड हुने भएकोले आपसमा यो भाइरसको संक्रमण बढ्नसक्ने भन्दै विदामा कुनै पनि प्रकारका कार्यक्रम सञ्चलान नगर्न भनिएको थियो।


## Belaka Municipality
Office Of Municipal Executive Rampur Udayapur
Province No 1

## Invitation for Bids

First Date of Publication: 2076/10/12 ( (26th January 2020)

1.Belaka Municipality, Rampur Udayapur invites electronic bids from eligible bidders for following works.

| S. N. | Contract Identification Number | Description and Location of work | Bid Security Amount (NRs.) | Average Annual Turnover (NRs.) | Line of Credit | Similar Nature of work experience required. | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | 21/BELAKA/ UDA/2076-77 | Construction of Aambasi-Purandaha-Bhagalpur-Satpatre--Rampur Road | 11,74,000 | 6,90,97,00 | 1,15,17,000 | Construction of at least one Road construction project with a value of at least NRs. 3,68,52,000 with Key Activities, Sub base: 2345 Cum, Base: 2254 Cum & Blacktop: 12,320 Sqm. | 5000 |

2. Purchase, Submission and Opening of Bid:

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2076/11/13 (25th Feb, 2020) | 12:00 Hours | 2076/11/13 (25th Feb, 2020) | 13:00 Hours | Interested eligible bidders may obtain further information from Belaka Municipality Office, Rampur Udayapur, 035430112 and inspect the Bidding Documents through E-procurement section of PPMO's Web Site **http://www.bolpatra.gov.np/egp** A complete set of bidding documents by the interested bidders have to submit their bid electronically through E-procurement section of PPMO's Web Site **http://www.bolpatra.gov.np/egp** choose to download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document, in **Sanchit Kosh** Account and bid security amount in **Dharauti Account** (as specified in the table below) and scanned copy (PDF format) of the Bank deposit voucher, copies of registration firm, Tax clearance certificate of F/Y 2075/76 shall also be submitted along with the electronic submission of the bid files. |

3. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading |
|---|---|---|---|---|
| Belaka Municipality Rampur Udayapur | Kumari Bank | Rampur, Udayapur | 0770040274200001 | Sanchit Kosh |
| | | | 0770040274200004 | Dharauti |

4. Pre-bid meeting shall be held at the Belaka Municipality Office on 2076/11/02 (14th Feb, 2020) at 13: 00 hours.
5. Bids Security must be valid for a period of 120 daysat a last date of bid submission and must be accompanied by original Voucher of Bid Security amount.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Belaka Municipality Office, Rampur Udayapur reserves the right to accept or reject, fully or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other procurement process is remains as per rules of PPA and PPR.

**Chief Executive Officer**
**Belaka Municipality**



## UAE मा रोजगार | कम्पनी : HANLIM ENGINEERING & CONSTRUCTION CO LTD
शहर : UAE

पूर्व स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१५०३६७ LT. No.: 231222

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1100 | ३४,०९० | | | | | | | |
| 3. | Welder | 10 | 0 | | 1100 | ३४,०९० | | | | | | | |
| 4. | Electrician | 10 | 0 | | 1100 | ३४,०९० | | | | | | | |
| 5. | Bricklayer Assistant | 10 | 0 | | 1100 | ३४,०९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १९ गते (2 Feb. 2019) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**लिभरपुल एच. आर. शोलुशन प्रा. लि.**
**Liverpool H.R. Solution Pvt. Ltd.**
Swoyambhu-15, Kathmandu, Tel : 01-4282300, 4282303
Mob. : 9851013724, 9851071190, 9851049837, 9817963472
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५

## मलेसियामा रोजगारको अवसर | कम्पनी: BIOWOODTECH INDUSTRY SDN.BHD
शहर: MALAYSIA

पुर्व स्वीकृत मिति: २०७६/१०/१० चलानी नं.: ६०१५०४९० L.T. No.: 231682

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory General Worker | 4 | 0 | स. काममा दक्ष | 1200 | ३३,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १९ गते (2 Feb. 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Manaslu International Services Pvt. Ltd.**
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4425081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

## साउदीमा रोजगार | कम्पनी : MIZAJ ALI BEVERAGES SERVICES JUICES
शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७६/१०/१० चलानी नं.: ६०१५०४८५ LT. No.: 231455

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Provider | 1 | 0 | स. काममा दक्ष | 1400 | ४२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १९ गते (2 Feb. 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**ईमास्को नेपाल प्रा. लि.**
गोंगबु, सामाखुसी, काठमाडौं, नेपाल
फोन: ४३६२७०८, ९८०६६५४५७१, फ्याक्स नं.: ४३५७७०८
श्रम ईजाजत नं. ११७/०५५/०५६
ISO 9001:2000 043-A Certificate No. 18646
Mob.: 9851193584 (Puran Sir), 9841155779 (Ganu Miss), 9861096760 (Anil Sir)

## मलेसियामा रोजगार | कम्पनी : CHANTIKA KELANG BERAS SDN. BHD.
शहर: MALAYSIA

पुर्व स्वीकृत मिति: २०७६/१०/१० चलानी नं.: ६०१५०४७१ L.T. No.: 231179

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory workers (Production operator | 15 | 0 | स. काममा दक्ष | 1200 | ३३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १९ गते (2 Feb. 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**Fair Connect Resource Pvt. Ltd.**
श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Basundhara-5, Kathmandu Nepal, Tel :- 00977-1-5905737
Email :- agencyfcr@gmail.com

## UAE मा रोजगार | कम्पनी : DRY DOCKS WORLD DUBAI LLC
शहर: UAE

पुर्व स्वीकृत मिति: २०७६/०९/२४ चलानी नं.: ६०१४९८६१ L.T. No.: 230661

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४६,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 10 | 0 | | 2500 | ७७,८७५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १९ गते (2 Feb. 2020) मा हुनेछ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**GULF MANPOWER SERVICES PVT. LTD.**
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333
Fax: 01-4435443, E-mail: gulf@mos.com.np, info@gulfmanpower.com.np
Website: www.gulfmanpower.com
श्रम इजाजत नं. ०२३/०४८/०४९

# बक्स अफिस समाचार

## च्यारिटी शोमा 'कोपिला'को प्रशंसा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ माघ

कन्चनपुरकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटनामा आधारित भएर बनेको फिल्म 'कोपिला' को शुक्रवार हेटौंडाको एन. एस सिनेमा हलमा च्यारिटी शो गरिएको छ । फिल्मको च्यारिटी शोमा निर्मलाकी आमा दुर्गादेवीसहित फिल्मका कलाकारहरु उपस्थित थिए । शिवम् अधिकारीको लेखन तथा निर्देशन रहेको फिल्मलाई दर्शकबाट उम्दा प्रतिक्रिया मिलेको छ ।

मकवानपुर जागरण अभियानले आयोजना गरेको फिल्मको च्यारिटी शोमा स्वर्गीय निर्मला पन्तकी आमा दुर्गादेवी पन्तलाई आभार पत्रसहित नगद पचास हजार प्रदान गरिएको थियो । पन्तलाई फिल्मका निर्देशक अधिकारी, निर्माता मणिराज गौतम, गणेश गिरी, सुवासराज काफ्ले जागरण अभियानका अध्यक्ष कृष्णराज कोइरालाले संयुक्त रुपमा रकम हस्तान्तरण गरेका हुन् ।




फिल्मको च्यारिटी शोमा कलाकारहरु गणेश गिरी, सरिता गिरी, संजीवनी खरेल, प्रकृती खरेल, जुनिफर पौडेल, श्रेया आचार्यलगायत उपस्थित थिए । फिल्ममा निर्मलाको भूमिकामा संजीवनीले अभिनय गरेकी छिन् । यो उनको डेब्यू फिल्म भए पनि दर्शकले उनको अभिनय रुचाएका छन् । त्यस्तै, आमाको भूमिकामा रहेकी सरिता गिरिको अभिनयको पनि प्रशंसा भएको छ ।

फिल्मले उठान गरेको विषयवस्तुलाई चितवनवासीले मन पराएका छन् । कार्यक्रममा पत्रकार महासंघ कन्चनपुरका अध्यक्ष बिष्णु अबस्थीले स्व.पन्तको कथालाई उठान गरेर फिल्म बनाएकोमा आभार व्यक्त गरे । फिल्मले आम निर्मलाहरुको प्रतिनिधित्व गर्ने उनको भनाई छ । यस्तै, स्व.पन्तकी आमा दुर्गादेवीले फिल्मबाट समाजमा उच्च शिक्षा मिल्ने विश्वास व्यक्त गरिन् । त्यस्तै ' च्यारिटी शो'मा उपस्थित दर्शक तथा अधिकारकर्मीले चलचित्र सन्देशमूलक रहेको प्रतिक्रिया दिएका थिए ।

८० लाखको लागतमा निर्माण भएको 'कोपिला' मा निर्मला पन्तको हत्यारा पत्ता नलाग्दा देखिएको राजनैतिक चलखेल र निर्मलाको परिवारमा परेको मनोवैज्ञानिक परिस्थिति देखाइएको छ । फिल्ममा रामेश्वर कार्कीको छायांकन, दिपक शर्माको संगीत र समिर मियाँको सम्पादन रहेको छ । फिल्मको ट्रेलर समेत सार्वजनिक भइसकेको छ । तर, प्रदर्शन मिति भने घोषणा गरिएको छैन ।

## 'पंगा'लाई दर्शकको खडेरी




**भारत/एजेन्सी-** शुक्रबारदेखि प्रदर्शनमा आएको अभिनेत्री कंगना रनौटको चलचित्र 'पंगा'ले बक्सअफिसमा कमजोर सुरुवात गरेको छ । 'पंगा'ले पहिलो दिन शुक्रबार २ करोड ७० लाख रुपैयाँको व्यापार गरेको बलिउड व्यापार विश्लेषक तरण आदर्शले ट्वीट गरेर जानकारी दिएका छन् । उनले चलचित्रको कथावस्तु राम्रो भएको हुँदा 'वर्ड अफ माउथ' का कारण आगामी दिनमा व्यापार केही बढ्न सक्ने बताएका छन् ।

अश्विनी अय्यर तिवारीको निर्देशनमा बनेको 'पंगा'मा कंगनाका साथै जस्सी गिल, ऋचा चड्डा, नीना गुप्ता लगायतको अभिनय छ । ' पंगा'मा कंगना एक कबड्डी खेलाडीको रुपमा देखिएकी छन् । जसमा आमा बनिसकेपछि आफ्नो करियर अघि बढाउन संघर्षरत महिलाको कथा छ ।

'पंगा'को कथावस्तुका साथै कलाकारको अभिनय राम्रो हुँदाहुँदै पनि शुक्रबार बाटै रिलिज भएको वरुण धवन र श्रद्धा कपूर अभिनित चलचित्र 'स्ट्रिट डान्सर' र जनवरी १० बाट प्रशर्दनमा आएको अजय देवगनको चलचित्र 'तान्हाजी' को चेपुवामा परेको विश्लेषकहरुको भनाई छ ।

भारतीय वक्सअफिसमा २०० करोडको व्यापार पूरा गरिसकेको ' तान्हाजी'को उत्कृष्ट प्रदर्शन अझै जारी छ । तान्हाजीले १५ औं दिन शुक्रबार ५ करोड ३८ लाखको व्यापार गरेको छ । यस्तै 'पंगा' संगसँगै रिलिज भएको रेमो डेसूजाको निर्देशनमा बनको चलचित्र 'स्ट्रिट डान्सर'ले पहिलो दिन शुक्रबार १० करोड २६ लाखको व्यापार गरेको छ ।

## 'ताकतवर'को ट्रेलर सार्वजनिक



**काठमाडौं/मस-** अभिनेता सविन श्रेष्ठको नयाँ फिल्म 'ताकतवर' को एक्सन प्याक्ड ट्रेलर सार्वजनिक भएको छ । शनिवार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको फिल्मको ट्रेलरमा अभिनेता सविनलाई दमदार एक्सन अवतारमा देख्न सकिन्छ । सविन र अभिनेत्री महिमा सिलवासको प्रेममा आउने उचारचढावमा फिल्म केन्द्रित रहेको ट्रेलरबाट बुझ्न सकिन्छ ।

गजेन्द्र रञ्जितको लेखन तथा निर्देशन रहेको फिल्मको प्रदर्शन मिति भने घोषणा गरिएको छैन । निर्देशक रञ्जितले फिल्मका लागि उपयुक्त मिति मिलाउन वितरकसँग छलफल भइरहेको बताए । चैत दोस्रो साताभित्र दर्शकले फिल्म हेर्न पाउने उनको भनाइ छ । निर्मात्री आरती शाहीले प्रेममा उत्पन्न हुने द्वन्द्वमा फिल्म निर्माण भएको बताइन् । रामेश्वर हुमागाईंले फिल्म खिचेका हुन् ।

'ताकतवर' मा सविन र महिमाका अलावा स्वर्गीय रामकेशर बोगटी, ध्रुव कोइराला, शेखर सुवेदी, रिजा भुषालगायतका कलाकारहरुको अभिनय रहेको छ । मित्र डि.गुरुङको सम्पादन रहेको फिल्मको सह निर्मातामा सुनिल विष्ट, बद्री फुयाँल र नारायण कृष्ण महर्जन रहेका छन् । फिल्ममा रामजी लामिछानेको कोरियोग्राफी, सुनिल श्रेष्ठको कथा र चन्द्र पन्तको द्वन्द्व छ ।

## टेलिभिजन कलाकार सेजलद्वारा आत्महत्या



**भारत/एजेन्सी-** भारतीय टेलिभिजन अभिनेत्री सेजल शर्माले शुक्रबार आत्महत्या गरेकी छन् । प्रहरीका अनुसार उनले घरमा सुसाइड नोट पनि प्राप्त भएको छ । सेजल शर्मा स्टार प्लसको सिरियल 'दिल तो ह्याप्पी हे जी'मा अन्तिम पटक देखिएकी थिइन् ।

सिरियालमा सेजलले सिम्मी खोसलाको भूमिका निभाएकी थिइन्, जो मुख्य पात्रको बहिनीको भूमिका हो । प्रहरी इन्स्पेक्टर सन्दीप कदमले सेजल शर्माको घरमा सुसाइड नोट प्राप्त भएको र त्यसमा नीजि कारणले आत्महत्या गर्नुपरेको लेखिएको बताए ।

सेजलले सिरियल अघि भीवो मोबाइल र उषा पंखाजस्ता ब्राण्डका विज्ञापनमा अभिनय गरिसकेकी छन् । भीवोका विज्ञापनमा उनी आमिर खानसँग देखिइएकी थिइन् भने उषा पंखाको विज्ञापनमा उनी क्रिकेटर रोहित शर्मा र हार्दिक पाण्डेसँग देखिएकी थिइन् ।

यस अतिरिक्त सेजल शर्मा 'आजाद परिन्दे' नामक वेब सिरिजमा पनि काम गरिसकेकी छन् । उनले पहिलो पटक मोटोरोलाको विज्ञापनमा काम गरेर यस क्षेत्रमा प्रवेश गरेकी थिइन् । राजस्थानको उदयपुरमा स्थायी घर भएकी सेजल शर्माको मृत्युमा विभिन्न टीभी कालाकारले शोक प्रकट गरेका छन् । यस अघि केही हप्ता अघि टीभी अभिनेता कुशल पन्जाबीले पनि आत्महत्या गरेका थिए ।


### QATAR मा रोजगार | कम्पनी : CONSOLIDATED ENGINEERING CONSTRUCTION CO. शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७६/१०/१० चलानी नं.: ६०१५४६३ LT. No.: 231664

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५३,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 32 | 0 | | 900 | २८,११५ | | | | | | | |
| 3. | Forman | 2 | 0 | | 2500 | ७८,१०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, अनामनगर, काठमाडौंमा माघ १९ गते (2 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Deluxe HR Solution (P.) Ltd.**
बिजुलीबजार पुल नजिक, काठमाडौं, फोन : ०१-५१७२६८४, ९८६७०४३९८७, ९८०२८४०९०५ Lic. No.: 956/067/068

### मलेसियामा रोजगार | कम्पनी : BENG KWANG TIMBER MERCHANT SDN. BHD. शहर : TELOK

पूर्व स्वीकृत मितिः २०७६/१०/१० चलानी नं.: ६०१५०४६२ LT. No.: 231266

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (Factory) | 2 | 0 | स. काममा दक्ष | 1100 | ३०,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १९ गते (2 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SHERPA INTERNATIONAL MANPOWER CONSULTANCY PVT. LTD**
P.O. Box: 26258, Samakhusi-29, Kathmandu, Nepal, Tel: 00977-1-4390190, 4364821 (Fax)
Website: www.sherpaintl.com, E-mail: infosherpadoc@gmail.com
Govt. Lic No.: 430/060/061

### मलशियामा रोजगार | कम्पनी : NYREX INDUSTRIES SDN.BHD. शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/०८ चलानी नं.: ६०१५०४५६ LT. No.: 231350

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 3 | 0 | स. काममा दक्ष | 1100 | ३०,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १९ गते (2 Feb. 2019) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Pingalasthan, Gaushal, Kathmandu, Nepal, Tel : 4495822, 4485206, 9849526766
Email: chandrakamna05gmail.com, Web.: www.chandrakamanamanpower.com.np

### कतारमा वैदेशिक रोजगारको अवसर

१. कम्पनीः TECHNICAL ENGINEERING FOR TRADING & CONTRACTING शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७६/१०/१० चलानी नं.: ६०१५०५२८ L.T. No.: 231362

